गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को त्रैमासिक प्रकाशन

# ग्लोबल नेपाली

NRN Non Resident Nepali Association

For Nepali By Nepali

Issue 14, April - July - 2013

अंक १४, वैशाख-असार, २०७०

आवरण

# विश्वमा स्थापित हुँदै नेपाली डायस्पोरा

यस अंकमा

आवरणः ........ १-३
विचारः 'अबको पुस्ता झन् सबल हुन्छ' ........ ४
*कुलचन्द्र गौतम*
विशेष अन्तर्वार्ताः ........ ५
*प्रा. डा. सूर्य सुवेदी*
रिपोर्ट/लगानी/गतिविधिः ........ ६-७
नेपाल प्रवर्द्धन गतिविधिः ........ ८-९
परोपकारः ........ १०
गतिविधिः ........ ११
फोटो फिचरः ........ १२

पढाइ या कामको सिलसिलामा देश छोडेर जाने चलन लामो नभए पनि नेपालीहरूले विदेशमा उत्साहजनक प्रगति गर्न थालेका छन् । राणाकालमा इष्ट इन्डिया कम्पनीसँगको सम्झौता बमोजिम गोर्खा सैनिकको रूपमा नेपालीहरू नियमित विदेश जाने क्रम शुरू भएको हो । प्रथम र दोस्रो विश्वयुद्धमा बहादुरीपूर्ण लडेवापत १२ नेपाली योद्धालाई बेलायत सरकारले सर्वोच्च सैनिक सम्मान भिक्टोरिया क्रस समेत प्रदान गरेको थियो । ब्रिटिश सेनामा कार्यरत नेपालीले देखाएको अदम्य शाहसले नेपाल विश्वभर वीर गोर्खालीको देश भनेर चिनियो । तर, थोरै मात्र नेपाली विदेश पुग्ने त्यसमा पनि सैनिक बाहेक अरू क्षेत्रमा खासै मौका नपाउने भएकाले त्यो सफलता त्यति धेरै बृहत हुन सकेन । २००७ सालमा प्रजातन्त्र आएपश्चात मात्र पढाइ लगायत अन्य उद्देश्यले फाट्टफुट्ट नेपाली विदेश जान थाले ।

२०४६ सालको राजनीतिक परिवर्तनले भने आम नेपालीलाई विदेशको ढोका स्वतन्त्र रूपले खुला गरिदियो । राजनीतिक परिवर्तन भए पनि आर्थिक अवसरको बाटो नखुलेकाले नेपाली युवामा विदेश गएर काम गर्न या केही नयाँ सिक्नैपर्छ भन्ने भावनाको विकास भयो । त्यसका अलावा प्रविधिमा विश्वले गरेको पछिल्लो परिवर्तन आफ्नो गाउँ-ठाउँमा नपाएपछि बाहिरी दुनियाँ प्रतिको अभिरूचि बढ्न पुगेको हो । विश्वले शैक्षिक क्षेत्रमा नयाँ फड्को मारेकाले पनि नेपाली विद्यार्थीहरूको रोजाइ विदेशका शिक्षण संस्था बन्न पुगे । पछिल्लो समय कामदारको रूपमा विदेश पुगेका नेपालीले समेत लोभलाग्दो प्रगति गर्दैछन् । नेपालबाट रित्तो हात विदेशका विभिन्न मुलुकमा पुगेर त्यहीं मिहिनेत गरी आर्जेको सफलता प्रेरक समेत छ । अहिले भारत बाहेक विश्वका ११० भन्दा बढी मुलुकमा बसोबास गर्ने नेपालीको संख्या ३० लाख नाघिसकेको छ । गैरआवासीय नेपाली संघको औपचारिक उपस्थिति नै ६५ देशमा पुगिसकेको छ ।

व्यापार व्यवसायदेखि शिक्षासम्म, संयुक्त राष्ट्र संघको सेवादेखि कूटनीतिको बृहत्तर आयामसम्म, खेलकुददेखि फेशन र मनोरञ्जनसम्म नेपालीहरूले अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धी उचाइ हासिल गर्न सफल भइसकेका छन् । व्यापार-व्यवसाय अन्तर्गत अन्तर्राष्ट्रिय स्तरका होटल, रेष्टुराँदेखि ठुल्ठूला उद्योगसम्म नेपालीको नाममा चिनिएका छन् । "लामो समय नभए पनि विदेश जाने नेपालीहरूले गर्विलो इतिहास तयार गरिसकेका छन्", संयुक्त राष्ट्र संघका पूर्व सहायक महासचिव डा. कुलचन्द्र गौतम भन्नुहुन्छ "नयाँ पुस्ताले यसलाई अझ व्यापक बनाउँछ भन्ने विश्वास गर्ने प्रशस्त आधार तयार भएका छन् ।" *(हे. लेख पृष्ठ ४)* ।

छिमेकी भारत लगायत दक्षिणी एसियाली मुलुकको तुलनामा समेत नेपाली डायस्पोराको इतिहास धेरै छोटो छ । बंगलादेश र पाकिस्तान नटुक्रिएकै अवस्थामा भारतमा सन् १६१२ मै ब्रिटिशहरूले उपनिवेश कायम गरेपछि ती देशका नागरिकको परदेश आउजाउ १७ औं शताब्दीदेखि नै निकै बाक्लो बनिसकेको थियो । त्यसैको प्रतिफल हो, उनीहरूको डायस्पोरा ३/४ पुस्ताको भइसकेको छ । अमेरिका लगायत विभिन्न मुलुकको स्थानीय राजनीतिमा समेत भारतीय मुलका नेताहरू सफलतापूर्वक स्थापित भइसकेका छन् । तर, नेपालीहरू अलि बाक्लै विदेशिन थालेको १५/२० वर्ष मात्र भए पनि यति लामो इतिहास बोकेका छिमेकी मुलुकका डायस्पोराहरूको दाँजोमा आशलाग्दा प्रगति गरिरहेको डा. गौतमको भनाइ छ ।

"विदेशमा रहने प्रायः सबै पहिलो पुस्ताका नेपाली भए पनि क्षमताले भ्याएसम्म जन्मभूमिको हितमा काम गरिरहेका छन्", बेलायतको लिड्स विश्वविद्यालयका प्राध्यापक डा. सूर्य सुवेदी भन्नुहुन्छ, "तर, नेपाल सरकारले नै कसरी गैरआवासीय नेपालीलाई राष्ट्र निर्माणमा सहभागी गराउने भन्नेबारे नीति-निर्माण गर्न सकेको छैन ।" *(हे. अन्तर्वार्ता पृष्ठ ५)* ।

पछिल्लो समय नेपालबाट विदेशिने क्रमले अझै तिव्रता पाएको छ । आर्थिक वर्ष २०५०/०५१ देखि २०६२/६३ सम्म श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ७ लाख ५८ हजार मात्र थियो । तर, त्यसयताको ६ वर्षमा श्रम स्वीकृति लिनेको संख्या १७ लाख ७ हजार पुगिसकेको छ । चालू आवको जेठसम्ममा नै ४ लाख भन्दा बढी नेपाली कामका लागि विदेश उडेको विभागको तथ्यांकमा उल्लेख छ ।

विद्यार्थीको रूपमा पढ्न विदेश जाने युवा-युवतीको संख्या पनि निरन्तर बढ्दो छ । आव २०६१/६२ मा ५ हजार २६९ जना विद्यार्थी भिसामा विदेश गएकोमा निरन्तर बढ्दै आव २०६६/६७ मा त्यो संख्या २६ हजार ९४८ पुगेको शिक्षा मन्त्रालयले जनाएको छ । विषेश गरी बेलायत र अष्ट्रेलिया जान सहज बनाइएकाले त्यो वर्ष धेरै विद्यार्थी बाहिरिएका हुन् । त्यो वर्षको तुलनामा केही घटे पनि विदेश पढ्न जाने विद्यार्थीको चाप खासै कम भने भएको छैन । चालू आवको जेठ महिनासम्ममा नै १५ हजार ८९ विद्यार्थी विदेशमा अध्ययनका लागि उडिसकेका



*नेपालीद्वारा सञ्चालित कम्पनीले कतारमा बनाएको हाउजिङ ।*


नेपाली समेतको व्यवस्थापनमा सञ्चालित नाइजेरियाको सिमेन्ट फ्याक्ट्री ।

छन् । सीप र शिक्षा दुवै उद्देश्यले विदेशिनेहरूमध्ये अधिकांशको सपना मुलुकमा काम गर्ने राम्रो वातावरण भएपछि विदेशमा सिकेको ज्ञान स्वदेशमा उपयोग गर्ने रहेको पाइन्छ ।

विदेश गएका नेपालीहरूलाई स्वदेशसँग जोड्न गैरआवासीय नेपाली संघले लामो समयदेखि विभिन्न अनुरोध गर्दै आए पनि सरकारले ठोस नीति बनाउन सकेको छैन । परराष्ट्र मन्त्रालयका प्रवक्ता अर्जुनबहादुर थापा विदेशमा बस्ने नेपालीलाई पहिचान दिन सरकारले केही कानूनी प्रावधान बनाउन लागेको बताउनुहुन्छ । *(हे. बक्स अन्तर्वार्ता)* ।

## सफल प्रतिनिधि

**कला र फेशनमा राज**

पछिल्लो समय अमेरिकाको फेशन दुनियाँमा राज गरिरहेका प्रवल गुरूङ युवा पुस्ताका नेपाली डायस्पोरामा सबैभन्दा उचाइको नाम बनेको छ । अमेरिकी प्रथम महिला मिसेल ओवामादेखि बेलायती राजकुमारी केट मिडलटनसम्मका पहिरन डिजाइन गरिसकेका प्रवल अहिले दुनियाँका टप सेलिब्रेटीको रोजाइमा छन् । मिचेलले तीन वर्ष पहिले नै ह्वाइट हाउसको गभर्नर्स डिनरमा प्रवल डिजाइनको पोशाक लगाएकी थिइन् भने बेलायती राजुकुमारी डेढ वर्ष पहिले सिंगापुर भ्रमणताका प्रवलको फुलबुट्टे पहिरनमा झुल्किइन् । अमेरिकी पप गायिका लेडी गागादेखि रचेल विज, जोयी साल्डना, सारा जेसिका लगायत दर्जनौ कलाकार र मोडेलहरू प्रवलले डिजाइन गरेको पहिरनमा सार्वजनिक समारोहमा उपस्थित भइसकेका छन् । प्रवलले आफ्नै नाममा 'प्रवल गुरूङ' ब्रान्ड समेत सार्वजनिक गर्नुभएको छ । प्रसिद्ध अमेरिकी म्यागेजिन टाइमले समेत आफ्नो नियमित स्तम्भ '१० कोइसन्स' मा प्रवलको अन्तर्वार्ता गरिसकेको छ । हलिउड फिल्ममा कार्टुन डिजाइनमा समेत नेपालीले सफलता पाएका छन् । लाइनकिङ जस्ता चर्चित फिल्मका कार्टुन (भिजुअल) डिजाइनर किरण जोशी अहिले त्यहाँ प्रसिद्धि कमाएपछि नेपालमै कम्पनी खोलेर 'आउटसोर्सिङ' सेवा प्रदान गर्न थाल्नुभएको छ । नेपालीलाई रोजगारी दिएर खोलेको कम्पनीले बनाएका विभिन्न कार्टुन तथा डिजाइनको व्यापार भने हलिउडसँग हुन्छ ।

**व्यवसायमा उचाइ**

गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोलाई रूसस्थित फ्री इकोनोमिक सोसाइटी अफ रसिया तथा इन्टरनेशनल एकेडेमी अफ म्यानेजमेन्टले सन् २००७ का लागि म्यानेजर अफ द इयर उपाधि प्रदान गरेको थियो । सरकारी छात्रवृत्तिमा इन्जिनियरिङ पढ्न रसिया जाने मौका पाएका महतोले सोभियत संघको पतनसँगै त्यहाँ उत्पन्न व्यवसायिक वातावरणबाट फाइदा उठाउँदै सानो-तिनो व्यापारमा हात हाल्नुभयो । त्यसैलाई विस्तार गर्दै अहिले उहाँले १५ हजार भन्दा बढीलाई रोजगारी दिन सफल हुनुभएको छ । एस्कामेटर जस्ता हेभी निर्माण उपकरण तथा टेलिभिजन उत्पादन, पेट्रोलियम, टेलिकम्युनिकेशन, शिक्षा, स्वास्थ्य, जलविद्युत्, सञ्चार जस्ता क्षेत्रमा उहाँको लगानी छ ।

> अमेरिकी प्रथम महिला मिसेल ओवामादेखि बेलायती राजकुमारी केट मिडलटनसम्मका पहिरन डिजाइन गरिसक्नुभएका प्रवल गुरूङ युवा पुस्ताका नेपाली डायस्पोरामा स्थापित नाम बनेको छ ।

अष्ट्रेलियाका २ सय धनाढ्यको सूचीभित्र समावेश शेष घले र श्रीमती जमुना घलेले शिक्षा र रियलस्टेट व्यवसाय मार्फत त्यहाँ नयाँ पहिचान बनाउनुभएको छ । अमेरिकी होटल चेन शेराटनसँगको सहकार्यमा नेपालमा समेत पाँच तारे होटल सञ्चालनको तरखरमा रहनुभएका घलेले अष्ट्रेलियाकै ऐतिहासिक महत्वको भवन अगर्स खरिद गरेर त्यहाँ आफ्नो मेलवर्न इन्स्टिच्यूट अफ टेक्नोलोजी स्थानान्तरण गर्न लागेको अष्ट्रेलियाको प्रसिद्ध पत्रिका हेराल्ड सनले केही महिनाअघि लेखेको थियो ।

**मध्यपूर्वमा समेत**

धेरै नेपालीहरू कामदारको रूपमा जाने खाडी क्षेत्रमा समेत व्यवसायीको रूपमा नेपाली उदाउँदै छन् । कतारस्थित अल फेजर इन्टरनेशन ट्रेडिङ एन्ड कन्ट्र्याक्टिङ कम्पनीका लगानीकर्ता तथा प्रबन्ध निर्देशक बद्री पाण्डे मध्यपूर्वमै सफल नेपाली व्यवसायी हुनुहुन्छ *(हे. तस्वीर पृष्ठ १)* । उहाँको सफलताले अरू नेपाली समेत खाडीमा गएर व्यवसायमा हात हाल्न थालेका छन् ।

**अफ्रिकामा फैलँदै**

व्यवसायीसँगै व्यवस्थापकको रूपमा समेत नेपालीहरूले विदेशमा विषेश छाप बनाइसकेका छन् । अफ्रिकाकै एक सवल व्यावसायिक घराना नाइजेरियास्थित ड्याङ्गोटे ग्रुपका महाप्रबन्धक हिक्मत थापा सफल व्यवस्थापकका एक उदाहरण हुनुहुन्छ । थापाकै नेतृत्वमा समूहले सन् २००९ यता ३ वटा चाउचाउ प्लान्ट लगाएको छ भने नाइजेरियाकै ठूलो चिनी कारखाना र सिमेन्ट फ्याक्ट्री *(हे. तस्वीर)* सञ्चालन गरेको छ । यो ग्रुपले नेपालमा पनि सिमेन्ट लगायत क्षेत्रमा अर्बौ लगानी गर्ने इच्छा देखाएको छ ।

**प्राज्ञिक फड्को**

समृद्ध मुलुकका ख्यातिप्राप्त विश्वविद्यालयमा नेपाली प्राध्यापकहरू स्थापित हुने क्रम बढ्दो छ । अमेरिकाको प्रसिद्ध अनुसन्धान केन्द्रदेखि बेलायत, जापान, अष्ट्रेलिया, कोरिया लगायत विकसित देशका अन्तर्राष्ट्रिय स्तरको वैज्ञानिक प्रयोगशालामा समेत नेपालीहरू कार्यरत छन् । यस्तै चिकित्सा र इन्जिनियरिङमा पनि नेपालीको फड्को उत्साहजनक छ । हार्डवर्ड, अक्सफोर्ड जस्ता विश्वप्रसिद्ध विश्वविद्यालयका प्राध्यापकका रूपमा समेत नेपाली स्थापित भइसकेका छन् । बेलायतको लिड्स विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानूनका प्राध्यापक डा. सूर्य सुवेदी प्राध्यापनबाट अन्तर्राष्ट्रिय जगतमा चिनिएको सुप्रसिद्ध नाम हो । सुवेदीले बेलायत सरकारबाट मोस्ट एक्सिलेन्ट अर्डर अफ ब्रिटिस अम्पाएर (ओबिई) अवार्ड पाउनुभएको छ । विभिन्न देशका विश्वविद्यालयमा भिजिटिङ प्राध्यापकका रूपमा बोलाइने सुवेदी बेलायतको परराष्ट्र मन्त्रालयका सल्लाहकार तथा कम्बोडियाका लागि संयुक्त राष्ट्र संघका प्रतिनिधि समेत हुनुहुन्छ ।

अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्यूट अफ टेक्नोलोजी (एमआईटी)का अर्थशास्त्र विषयका सहप्राध्यापक डा. पराग पाठकले विश्वका समस्याहरूबारे उत्कृष्ट अध्ययन अनुसन्धान गरेवापत अमेरिकी राष्ट्रपति बाराक ओबामाबाट विज्ञान र इन्जिनियरिङको क्षेत्रमा दिइँदै आइएको अर्ली करियर अवार्ड प्राप्त गर्नुभएको छ । अमेरिकामै अर्थशास्त्रका अर्का प्राध्यापक आलोक बोहोराको पहिचानले पनि नयाँ उचाइ छोएको छ ।

**सफल महिला**

विभिन्न देशमा पुगेका नेपाली महिलाहरू समेत फरक पहिचान बनाउन सफल भइसकेका छन् । प्राध्यापनदेखि सञ्चार क्षेत्रसम्म नेपाली महिलाले नयाँ उचाइ हासिल गरेका हुन् । विभिन्न देश पुगेर महिलाहरूले पनि उच्च सफलता प्राप्त गरिसकेका छन् । मिसिगन विश्वविद्यालयकी प्राध्यापक कल्यानी राई अमेरिकामा स्थापित नेपाली महिला प्राध्यापकको रूपमा अग्रस्थानमा आउनुहुन्छ । सिएनएनमा कार्यरत किरण क्षेत्री अन्तर्राष्ट्रिय सञ्चार जगतमै चिनिएको नाम हो । सिएनएनकै दक्षिण एसिया संवाददाताको रूपमा समेत नेपाली चेली सुम्निमा उदास नयाँदिल्लीमा कार्यरत हुनुहुन्छ ।

**राजनीति र प्रशासनमा नेपाली**

नेपालीहरू विदेश जान थालेको धेरै समय नभए पनि जुन मुलुक पुगेको हो, त्यहाँको राजनीति र प्रशासनिक क्षेत्रमा समेत चासो बढाउन थालेका छन् । बेलायतको नगरपरिषद्मा पहिलो नेपाली मुलुकको काउन्सिलरको रूपमा धन गुरुङ निर्वाचित हुनुभएको थियो । अमेरिकी संसद्मा डेमोक्र्याटको तर्फबाट उम्मेदवार बन्न दर्शन रौनियार पनि गत वर्ष पार्टीको आन्तरिक प्रतिस्पर्धामा सामेल हुनुभएको थियो ।

प्रशासनतर्फ विभिन्न मुलुकको सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा नेपालीले सफलता प्राप्त गर्दै उच्च सरकारी आहोदासम्म पुगेका छन् । डा. प्रवीण दीक्षित अमेरिकन संघीय सरकारको सहसचिव (कमर्श) को रूपमा कार्यरत हुनुहुन्छ ।

**अन्तर्राष्ट्रिय संस्थामा सफलता**

अमेरिकामा अध्ययनको सिलसिलामा भियतनाम युद्धबाट प्रभावित भएर संयुक्त राष्ट्र संघमा सेवा शुरू गर्नुभएका डा. कुलचन्द्र गौतम पछि संघको सहायक महासचिव तथा युनिसेफको नायव कार्यकारी निर्देशकसम्म बन्नुभयो । युएन सेवामा नेपालीले हालसम्म पाएको सबैभन्दा ठूलो उपलब्धि डा. गौतमकै हो । संयुक्त राष्ट्र संघका लागि पूर्व नेपाली स्थायी प्रतिनिधि ज्ञानचन्द्र आचार्य हाल अति कम विकसित मुलुक हेर्ने गरी संघको उप-महासचिवको रूपमा कार्यरत हुनुहुन्छ ।

# 'स्थापित नेपालीको सफलता मुलुकमा जोड्न चाहन्छौं'

**विदेशमा बस्ने नेपालीले आर्जेको सफलतामा सरकारको दृष्टिकोण के छ ?**

नेपालीले कतिपय देशमा ठूलो हैसियत पनि बनाउनुभएको छ । सम्बन्धित देशको सरकारी उच्च तहमा पनि पुग्नुभएको छ । जुन देशमा पुगेर जुनजुन क्षेत्रमा स्थापित भए पनि पहिलो उहाँहरू नेपाली हो । सरकार पछिल्लो समय विदेशमा नेपालीलाई पहिचान दिन केही कानूनी प्रावधानहरू समेत ल्याउने तरखरमा छ । नेपाल सरकारले उहाँहरूलाई सदैव माया गरेकै हुन्छ, त्यसमा कुनै शंका नै छैन ।

**विदेशमा बस्ने नेपालीहरूको आर्थिक र सामाजिक जीवनस्तरलाई सरकारले कसरी हेरेको छ ?**

गैरआवासीय नेपालीहरूका विभिन्न मुलुकमा बस्नुभएको छ । उहाँहरू सबैलाई एउटै बास्केटमा राख्न त उचित नहोला । हरेकको फरकफरक व्यवसाय छ । फरक रहनसहन छ । त्यसकारण जीवनस्तर पनि फरक छ । उहाँहरूले बाँचिरहेको जीवनस्तरलाई हामीले नेपालसँग कसरी जोड्न सक्छौं भन्ने मुख्य विषय हो त्यसमा हामीले ध्यान दिनैपर्छ । त्यसका लागि कानूनी प्रावधानहरू कसरी मिलाउने भन्नेमा विभिन्न छलफल चलेका छन् । तत्काल सरकारले नयाँ योजना नबनाए पनि उहाँहरूको जीवनस्तरलाई नेपालसँग जोड्नुपर्छ भन्ने विषयमा सरकारको गम्भीर चासो छ ।



**अर्जुनबहादुर थापा**
प्रवक्ता, परराष्ट्र मन्त्रालय

**विदेशमा नेपाल चिनाउन एनआरएनको भूमिकासँग सरकारले कस्तो सहकार्य गर्न सक्छ ?**

नेपालको पहिचान सहित हरेक देशमा रहेका नेपालीबारे सरोकार राख्न कूटनीतिक नियोगहरू स्थापना भएका छन् । साथै विदेशमा बस्ने नेपालीहरूले नेपालको कला संस्कृति तथा नेपालसँग जोडिएका विविध विषयमा कार्यक्रम गरिरहनुभएको छ । सरकारले दूतावासको माध्यमबाट हरेक देशमा बस्ने एनआरएनहरूको गतिविधिमा समन्वय गरी नेपाल चिनाउने काम गर्दैछ ।

**विदेशमा बस्ने समग्र नेपालीप्रति सरकारको धारणा के छ ?**

सरकारले विदेशमा बस्ने स्थायी, अस्थायी वा रोजगारीका लागि मात्रै गएका सबै नेपालीहरूप्रति सधैं सकारात्मक धारणा राखेको छ । जहाँ बस्ने पनि नेपाली हुन् र त्यसको महशुस गराउन सरकारले नै भूमिका खेल्नुपर्छ भन्नेमा हामी सचेत छौं । परराष्ट्र मन्त्रालयले त्यसै अनुसार आफ्ना दूतावास नियोगहरूलाई निर्देशित गरिरहेको छ । कानूनी हिसाबले नेपालमा बस्ने नेपाली र विदेशमा बस्ने नेपालीबीच केही फरक छ तर व्यवहारका हिसाबले सबै नेपाली नै हुन् भन्नेमा सरकार प्रष्ट छ ।

---

अरू अन्तर्राष्ट्रिय संघसंस्थामा पनि नेपालीहरूले नेतृत्वदायी भूमिका निभाउन सफल भएका छन् । डा. विन्दुनाथ लोहनी एसियाली विकास बैंकको उपाध्यक्ष (वित्त र प्रशासन) को रूपमा कार्यरत हुनुहुन्छ । सन् १९८५ मा वातावरण विज्ञको रूपमा बैंक सेवा शुरू गर्नुभएका लोहनी महानिर्देशक हुँदै उपाध्यक्षमा पुग्नुभएको हो । अन्तर्राष्ट्रिय संघसंस्थामा परिचित नाम डा. महेन्द्र लोहनी विश्वको गरिबी र भोकमरी हटाउन सक्रिय संस्था हेइफरको उपाध्यक्षको रूपमा विपन्न वर्गको सेवामा सक्रिय हुनुहुन्छ ।

**अभियन्ताहरूको योगदान**

गैरआवासीय नेपाली अभियानका अभियन्ताहरूले पनि आ-आफ्नो क्षेत्रमा सबलता प्राप्त गरिसक्नुभएको छ । रसियामा लोकतन्त्रको लहरसँगै व्यवसाय शुरू गर्नुभएका संघका अध्यक्ष जीवा लामिछानेको व्यावसायिक सञ्जाल अहिले जर्मनी, मध्यपूर्वको दुवई, नेपालहुँदै पूर्वको सिंगापुरसम्म पुगेको छ । विद्यार्थीको रूपमा जापान पुगेर अस्पतालमा दश वर्ष काम गरी आफ्नै व्यवसाय थाल्नुभएका गैरआवासीय नेपाली संघका पूर्व अध्यक्ष देवमान हिराचन व्यापारमा मात्र होइन, सामाजिक काममा समेत त्यहाँ स्थापित हुनहुन्छ । एनआरएनका अभियन्ता रामप्रताप थापा जर्मनीमा १८४ वर्ष पुरानो बैंकमा कर्पोरेट एनालिस्टका रूपमा कार्यरत हुनुहुन्छ । जर्मनीको नर्थराईन वेष्ट फेलिया समेत तीन स्टेटका नेपाली अवैतनिक महावाणिज्य दूत समेत रहनुभएका थापाले जर्मन सरकारले प्रदान गर्ने अर्डर अफ मेरिट अवार्ड प्राप्त गर्नुभएको छ । विश्व खाद्य कार्यक्रमको आवासीय प्रतिनिधि भएर विभिन्न देशमा जिम्मेवारी सम्हालिसक्नुभएका भीम उदास कूटनीतिको क्षेत्रमा सफल अर्को नेपाली नाम हो ।

एनआरएन अभियानको शुरूवातीकालदेखि नै सक्रिय नरेश कोइराला क्यानडामा सिनियर जियो टेक्नोलोजिष्टको रूपमा कार्यरत हुनुहुन्छ । गोल्डेर एशोसिएट्समा आवद्ध कोइराला लामो समयदेखि क्यानडामा कार्यरत हुनुहुन्छ । एनआरएन अभियानमा अर्को उल्लेखनीय नाम हो, अम्बिका अधिकारी । उहाँ अमेरिकास्थित ग्लोबल इन्स्टिच्यूट अफ सस्टेनेबिलिटीका सिनियर सस्टेनेबिलिटी साइन्टिस्टको रूपमा कार्यरत हुनुहुन्छ । गैरआवासीय नेपाली संघका सल्लाहकार डा. द्रोण रसाइली सन् १९७२ मा एसएलसी बोर्ड प्रथम हुनुभएको थियो । हाल उहाँ क्यानडाको 'सन हेल्थ सर्भिलेन्स एन्ड एपिडिमिओलोजी एट बिसी प्रोभिन्सियल हेल्थ सर्भिस अथोरिटी'का निर्देशक हुनुहुन्छ ।

एनआरएन पहिलो कार्यसमितिमा उपाध्यक्ष रहनुभएका डा. श्याम कार्की चिकित्साबाट अमेरिकाको बाल्टीमोरमा बसोबास गर्ने नेपालीदेखि स्थानीय सबैको मन जित्न सफल हुनुभएको छ । गैरआवासीय नेपाली संघको अभियानका शुभचिन्तकहरूमध्ये बेलायतमा बसोबास गर्ने चिकित्सक डा. राघव धिताल बेलायती महारानीबाट ओविई पुरस्कारबाट विभूषित हुनुभएको छ भने क्यानडाको टोरन्टोमा बसोबास गर्ने डा. कुञ्जर शर्मा लेखा तथा परामर्शमा अन्तर्राष्ट्रिय स्तरमा स्थापित संस्था विडिओका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ ।

**युवा अभियन्ता पनि सफल हुँदै**

विद्यार्थीको रूपमा बाहिरिएका युवाहरू जापान लगायतका देशमा रेष्टुरेन्ट व्यवसायबाट शुरू गरेको आफ्नो व्यावसायिक यात्राबाट अहिले उहाँहरू नेपाल पर्यटन, रेमिट्यान्स, नेपालमा सफल हाइड्रोपावर व्यवसायी र बैंकरको रूपमा स्थापित हुनुहुन्छ । रसिया, अष्ट्रेलिया, हङकङ, जर्मनी, बेलायत लगायतका देशमा एनआरएनका युवा अभियन्ता व्यावसायिक रूपमा सफल बन्दै जानुभएको छ ।

## स्वदेशको विकासलाई विदेशमा बसाइ

विदेशमै हुर्के-बढेको दोस्रो पुस्ता ज्ञान र सीपले अगाडि छ । उतैको रहनसहनका कारण पहिलो पुस्ता जस्तो नजिकको भावनात्मक नाता उनीहरूको नेपालसँग छैन । उतै स्तरीय शिक्षाको समेत अवसर पाउने भएकाले उनीहरूलाई नेपालको कुनै लगानी पनि रहन्न । अन्तर्राष्ट्रिय स्तरको जनशक्तिको रूपमा विकास हुने त्यो पुस्तालाई नेपालको समृद्धिमा सामेल गराउन राज्यले नै ठोस नीति र वातावरण बनाउन जरूरी हुन्छ । एनआरएन अभियन्ताले लामो समयदेखि उठाउँदै आएको नेपाली नागरिकताको निरन्तरताबारे समेत अहिलेसम्म सरकारले सम्बोधन गर्न सकेको छैन । यो अवस्थामा नयाँ पुस्तालाई नेपालसँग जोड्न कठिन हुने डर समेत बढेको छ । दोस्रो पुस्ताले नै नेपाल बिर्सियो भने पहिलो पुस्ता बुढो हुँदै जाँदा विदेशिनेहरू नेपालबाट सधैंलाई टाढा हुने भय समेत उत्पन्न भएको छ ।

नेपालमा प्रशस्त अवसर नभएका बेला विदेशिनु मुलुकका लागि हितकर नै हुने विज्ञहरू बताउँछन् । "कतिपयले नेपालीहरू यसरी बाहिर जानु नराम्रो भन्छन्", संयुक्त राष्ट्र संघका पूर्व सहायक महासचिव गौतम भन्नुहुन्छ, "तर भोलि नेपालको राजनीति सुध्रिने बित्तिकै विदेशमा कमाएको सीप र पूँजी ल्याएर मुलुक बनाउने प्रमुख भूमिका अहिले विदेशिनेहरूकै हुनेछ ।" जहाँ बस्ने पनि नेपाली हुन् र त्यसको महशुस गराउन सरकारले नै भूमिका खेल्नुपर्छ भन्नेमा आफूहरू समेत रहेको परराष्ट्र प्रवक्ता थापा बताउनुहुन्छ । छिमेकी भारतले सन् १९९१ मा उदार अर्थनीति अवलम्बन गरेपछि गैरआवासीय भारतीयहरूको लगानी र सीपले त्यहाँको अवस्था परिवर्तन गर्न ठूलो भूमिका खेलेको थियो । युरोपको आयरल्यान्डदेखि अफ्रिकाका धेरै मुलुक डायस्पोराकै कारण विकासको नयाँ श्रृंखलामा प्रवेश गरेका छन् । राजनीति सुध्रिए नेपालले पनि त्यही बाटो समाउनेमा द्विविधा छैन । ■

*नेपालीहरूले विदेशमा गएर सफलता प्राप्त गर्ने क्रम अहिले तीव्र बनिसकेको छ । सन् १९९० पछि विदेशिएको पुस्ता विभिन्न मुलुकका शिक्षण संस्थादेखि सामाजिक र आर्थिक क्षेत्रसम्म उदाउने र सफल बन्दै जाने क्रम निरन्तर छ । त्यसैले यहाँ प्रस्तुत नाम केही उदाहरण मात्र हुन् । अवश्य पनि अरू धेरै नेपाली डायस्पोरा आ-आफ्नो क्षेत्रमा स्थापित हुनुहुन्छ । जसको लागि थप अनुसन्धान आवश्यक छ ।*



**विचार** नेपाली डायस्पोरा

कुलचन्द्र गौतम

# 'अबको पुस्ता झन् सबल हुन्छ'

विदेशमा रहेका नेपालीबारे मेरा फरक-फरक अनुभव छन् । पहिले बेलायत र अमेरिका गएर पढ्ने थुप्रै मेडिकल डाक्टर निकै सफल भएका थिए । तीमध्ये धेरैले बेलायत र अमेरिका दुवै देशमा आफ्नै संस्थाहरू खोलेका थिए । जस्तो एशोसिएशन अफ नेपलिज इन दि अमेरिकाज् (एएनए) । यो अमेरिकामा गएर पढेर, सफल भएर, त्यहीं जीविका गर्न थालेर त्यहाँ भएका नेपालीलाई संगठित गर्ने उद्देश्यले स्थापना भएको संस्था हो । बेलायतमा पनि त्यस्ता संस्था बने ।

म अलि अर्कै खालको पेशामा लागें र संयुक्त राष्ट्र संघमा काम थालें । संयुक्त राष्ट्र संघमा काम गर्दै जाँदा कतिपय देशमा पुग्ने म पहिलो र एक्लो नेपाली भएँ । म जाँदा कम्बोडिया र हाइटीमा कोही नेपाली भेटिएनन् भने इण्डोनेसिया र लाओसमा ४/५ जनामात्र नेपाली थिए । ती देशमा अरूका लागि हामी नेपालीहरू उत्सुकताको विषय बन्थ्यौं । त्यतिबेला नेपाली अलि धेरै भएको देश भनेको अमेरिका थियो । तर पनि अमेरिकामा सन् ८० को दशकसम्म धेरै नेपाली थिएनन् । पछि नेपालीहरू सबै ठाउँमा बढ्दै गए । जहाँ गए पनि नेपालीहरूप्रति सबै उत्सुक भएर हेर्थे । विश्वका धेरैले नेपाललाई शान्त सांग्रिलाको रूपमा बुझेका थिए ।

थाइल्याण्डमा भने धेरै नेपाली रहेछन् । तीमध्ये धेरैजसो १९६० को दशकको शुरूमा बर्माको सैनिक शासनले लखेटेर त्यहाँ पुगेका रहेछन् । त्यसरी लखेटिनेमध्ये कतिपय भारत गए भने कति नेपाल फर्किएछन् । थाइल्यान्डमा पुगेका धेरै नेपाली राज्यविहीन थिए । मेरो अपार्टमेण्टमा सुरक्षागार्ड नेपाली थिए । उनीहरूले भन्थे, "तपाईहरू पनि नेपाली, हामी पनि नेपाली, हाम्रा बाजेहरू नेपालबाट आएका हुन्, हामीलाई पनि नेपाल जाने रहर छ, मर्नुभन्दा पहिले पशुपति गएर दर्शन गर्ने मन छ, तर पासपोर्ट छैन ।" देश छोडेर गएका नेपालीले दुःख पाएर बसेको, अरूबाट अपहेलित भएको मैले देखेको त्यो नै पहिलो प्रत्यक्ष अनुभव थियो ।

पहिले भारत-आसाम, बर्मा, भुटान गएका धेरै नेपाली पुस्तौंसम्म उतै बसे । पछि नेपाल र ब्रिटिश इन्डियाबीच सुगौली सन्धि भएर गोर्खा भर्तिको चलन आयो । यससँगै ठूलो मात्रामा नेपालीहरूको भारतमा औपचारिक रूपमा बसाइसराइँ शुरू भएको पाइन्छ । यो बसाइसराइँले गोर्खाहरू पनि त्यहाँ गएर कमाउन सक्ने, संसारलाई देख्न र बुझ्न सक्ने भए भने ब्रिटिश सरकारले पनि बलियो सेना पाएर फाइदा लियो ।

नेपालमा २००७ सालको परिवर्तनपछि विदेशिएका पुस्ताले पहिलेको भन्दा धेरै सफलता पाए । अध्ययनका लागि विदेश गएकाहरूले झनै राम्रो गरे । उदाहरणकै रूपमा लिन सक्छौं गैरआवासीय नेपाली संघको अभियानलाई शुरूवाती नेतृत्व दिने उपेन्द्र महतो, जीवा लामिछाने लगायतलाई, जसले रूसमा गएर पहिले राम्रो पढ्नुभयो, सोभियत युनियन विघटनसँगै लगानी खुला भएपछि उहाँहरूले त्यसको सकारात्मक फाइदा लिन सक्नुभयो ।

युरोप, अमेरिका लगायतका मुलुकमा शुरूशुरूमा पुगेका प्रायः नेपाली सफल नै भए । पछिल्लो समयमा विदेशिनेको संख्यासँगै समस्या पनि बढ्दै गएको छ । झन् पछिल्लो दशकमा खाडी मुलुक पुगेका धेरै नेपालीहरू निकै मिहिनेत गरेर काम गर्छन्, थोरै कमाउँछन् । तर, पनि देशको निम्ति उनीहरूको योगदान पढे-लेखेका हामी जस्ता र विदेशमा व्यवसाय गरेकाहरूको भन्दा उच्च छ । जुन बेला हाम्रो ग्रामीण अर्थतन्त्र ध्वस्त थियो, विकास निर्माणका काम ठप्प थिए, त्यो बेला विदेशिएर उनीहरूले रेमिट्यान्सबाटै ग्रामीण अर्थतन्त्र बचाए ।

कडा मिहिनेत गरेरै भए पनि पहिलो पुस्ता यत्तिको सफल भएपछि अब सफल हुने नेपालीको संख्या बढ्दै जान्छ । जसले गर्दा यसपछिका दोस्रो र तेस्रो पुस्ता अझ सबल हुने पक्का छ । अन्त्यमा यसको सकारात्मक प्रभाव नेपालमै पर्छ । अनि हाम्रो सपना र प्रभाव पनि विश्वव्यापी हुनेछ । अहिलेको भूमण्डलीकरणको जमानामा नेपालीहरूले जहाँजहाँ अवसर छन् त्यहाँ पुगेर काम गर्न पाउनुपर्छ । आफ्नै देशमा बसेर संघर्ष गर्नुपर्छ भन्ने कुरामा म विश्वास गर्दिनँ । त्यो जमाना गइसक्यो ।

मैले ब्रेनड्रेन भएको देख्दिनँ । किनभने उपेन्द्र महतोजीले रूस गएर सफलता प्राप्त गरी नेपालका लागि जति गर्नुभएको छ यहीं बसिरहेको भए त्यो सम्भव हुन गाह्रो थियो । त्यस्तै प्रवल गुरूङले यहीं काठमाडौंमा फेशन डिजाइन गर्छु भनेको भए उहाँ त्यो उचाइमा पुग्नु हुन्थेन ।

भारतमा आजको २५/३० वर्षपहिले धेरै ब्रेनड्रेन भयो भन्थे । अहिले ती सफल इण्डियनहरू धेरै स्वदेश फर्किएका छन् । त्यसकारणले यो आफ्नो इच्छाको कुरा हो, आफ्नो क्षमताको कुरा हो । यहीं बसेर देशको सेवा गर्नेलाई पनि सम्मान गर्नुपर्छ । तर, नेपालको विकास गर्न नेपालमै बस्नुपर्छ भन्ने छैन । यो ग्लोबलाइजेशनको युग हो, जहाँ बसे पनि देशको सेवा गर्न सकिन्छ ।

जस्तो, गरिबीका कारण धेरै आइरिसहरू अमेरिका गए । त्यो बेलामा त्यहाँ पनि धेरै ब्रेनड्रेन भयो भन्थे । तर, अमेरिका गएर आइरिसहरू निकै सफल भए । जब सन् ८० र ९० को दशकमा आयरल्याण्डले राम्रो विकास गर्न थाल्यो, तुरून्त धेरै सफल आइरिसहरू आफ्नै देशमा आएर लगानी गर्न थाले । अहिले आयरल्याण्ड युरोपको सबभन्दा गरिबबाट सबभन्दा धनी देश बन्दैछ । भोलि नेपाल पनि त्यस्तो हुनसक्छ । त्यसैले यो ब्रेनड्रेन, ब्रेनग्रेन हो ।

> कडा मिहिनेत गरेर पहिलो पुस्ता यत्तिको भएपछि अब सफल नेपालीको संख्या बढ्दै जान्छ । फलस्वरूप यसपछिको पुस्ता अझ सबल हुनेछ । अन्ततः यसको सकारात्मक प्रभाव नेपालमै पर्ने पक्का छ ।

दुई वर्ष पहिले एनआरएनको काठमाडौं सम्मेलनमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईजीले भन्नुभयो, "यदि म पनि राजनीतिमा नलागेको भए एनआरएन हुन्थें होला ।" यो नेपालको दुर्भाग्य रहेछ कि, उहाँ राजनीतिमा लाग्नुभयो । देशमा सशस्त्र द्वन्द्व मच्चाउनुको साटो, उहाँ विदेश जानुहुन्थ्यो, सफल हुनुहुन्थ्यो, कमाउनु हुन्थ्यो, केही आइडिया ल्याउनु हुन्थ्यो । र, यहाँ आएर पक्कै पनि निकै ठूलो योगदान गर्नुहुन्थ्यो ।

विदेशमा गएर धेरै नेपालीले निकै दुःख पनि पाएका छन् । सफल हुन केही कुरामा विशेष ध्यान दिनैपर्छ । पहिलो कुरा, विदेशमा हाम्रो भाषा संस्कृति मिल्दैन, चालचलन मिल्दैन, हावापानी सुगम हुँदैन, शोषण हुन्छ । त्यसकारण उता जानुभन्दा पहिले कम्तीमा पनि त्यहाँको भाषाबारे अलिकति जानकारी राख्नुपर्छ । आजभोलि कोरिया जान त्यहाँको भाषा परीक्षा दिनुपर्छ । यसरी परीक्षा दिएर पास भएर कोरिया पुगेकाहरूले धेरै दुःख पाएको भन्ने सुनिदैन ।

अब गाउँ-शहरमा धेरै नेपाली जाने देशको भाषा सिकाउने केन्द्र खोल्नुपर्छ । मलेसियामा हाम्रा चार/पाँच लाख मानिस छन् । त्यसकारण मलेसियन भाषा र अरेबिक भाषा सिक्ने ठाउँ जताततै खोल्नुपर्छ । यतिले मात्रै पनि धेरै नेपाली मलेसिया र खाडी राष्ट्रमा कम शोषित र बढी सफल हुन सक्थे ।

त्यस्तै वैदेशिक रोजगारी सम्बन्धी वीमा गर्ने अहिले केही छन्, तर त्यो त्यति प्रभावकारी भएको छैन । यस्ता कुराहरूमा ध्यान दिने हो भने हाम्रो बसाइसराइँलाई वास्तवमै सुरक्षित बनाउन सकिन्छ । तर, त्यहाँ जानेलाई रोक्नु हुँदैन । अझ महिला जान नपाउने के-के भनिएको हुन्छ । त्यस्तो होइन, पुरूष जान पाए समान अधिकार भएका महिला पनि जान पाउनुपर्छ । तर, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन बढी ध्यान दिनुपर्छ । यसका लागि सरकारले विशेष पहल गर्नु त पर्छ नै, तर हामीले सरकारलाई मात्र हेरेर बस्नु हुँदैन । एनआरएनएले पनि यस विषयमा केही पहल गर्नुपर्छ ।

आप्रवासी नेपालीको पहिलो पुस्ता नेपालमा हुर्किएको थियो र नेपाललाई विशेष माया गर्थ्यो । तर, दोस्रो, तेस्रो पुस्ता त उतै विदेशमा हुर्किएको हुन्छ । त्यसकारण पहिलोको जस्तो आत्मीयता नहुन सक्छ । केही समय के पनि हुनसक्छ भने दोस्रो, तेस्रो पुस्ताले नेपाललाई माया ममताको नजरले नहेर्न पनि सक्छ । त्यसलाई हामीले नकारात्मक रूपमा हेर्नु हुँदैन । त्यो सामान्य मानव प्रवृति नै हो । पछि चौथो, पाँचौ पुस्तामा पुगेपछि भने आफ्नो जरा खोज्दै उनीहरू फेरि नेपाल आउने र देशलाई माया गर्ने गर्छन् । त्यसकारण नेपालीको रगतमा नेपालको माया सधैं रहिरहन्छ भनी हामी ढुक्क भए हुन्छ । विश्वको अनुभवले पनि त्यही भन्छ ।

*(संयुक्त राष्ट्र संघका पूर्व सहायक महासचिव गौतमसँग पत्रकार सम्झना पौडेलले गरेको कुराकानीमा आधारित)*

# 'सबैले सीप र क्षमता स्वदेशमा लगानी गरेका छन्'

**प्रा.डा. सूर्य सुवेदी**
संरक्षक, गैरआवासीय नेपाली संघ

**एक नेपाली, विश्वका विभिन्न देशलाई सल्लाह दिने र अन्तर्राष्ट्रिय स्तरमा अध्यापन गर्ने स्थानमा पुग्दा के सोच्नु हुन्छ ?**

विभिन्न देशलाई कानूनी सल्लाह दिई ती देशका हितमा काम गर्न पाएकोमा म आफूलाई गौरवान्वित ठान्छु। बेलायतको प्राध्यापक र व्यारिष्टर (वकिल) को हैसियतमा मात्र नभई संयुक्त राष्ट्र संघको तर्फवाट समेत काम गर्न पाएकोमा म अन्यन्तै सन्तुष्ट छु।

**तपाईंको ज्ञान नेपालको राजनीतिक स्थायित्व र संविधान निर्माणको लागि कत्तिको प्रयोग गर्नुभएको छ ?**

मैले अहिलेसम्मको धेरै समय नेपालको बौद्दिक चिन्तन र लेखनमा उपयोग गरेको छु। पूर्वराजा वीरेन्द्रदेखि ज्ञानेन्द्र शाहसम्म र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालादेखि पुष्पकमल दाहाल 'प्रचण्ड' लाई विभिन्न कानूनी र संवैधानिक विषयमा सल्लाह दिएको छु। तर, नेपालमा दुरगामी राष्ट्रिय हितमा दिएको सल्लाह ग्रहण गर्ने क्षमता धेरैमा रहेनछ भन्ने मलाई बोध भएको छ। जसले मलाई सधैं दुखित बनाउँछ।



**अन्य देश भन्दा नेपालमा राजनीतिक स्थायित्व हुन र संविधान निर्माण गर्न कठिन छ ?**

नेपालका प्रत्येक नेता सबैले सम्मान गर्न सक्ने हुनुपर्छ। सबैले बुझ्नु पर्छ, राजनीतिकर्मी नै नेता होइन। राजनीतिकर्मी जो पनि बन्छ तर नेता थोरै मात्रै। पारिवारिक, व्यक्तिगत र दलगत स्वार्थलाई माथि राखेर हेर्ने प्रवृत्ति नै नेपालको ठूलो र प्रमुख समस्या हो। नेताले यसलाई होइन, राष्ट्रिय स्वार्थलाई प्रमुख बनाएको हुन्छ। सोचाइको दरिद्रता र विचारको संकीर्णताले गर्दा नेपालमा सिद्धान्त र आस्थाको राजनीतिमा खडेरी छ। जसले गर्दा मुलुकले स्थिरता पाउन सकेन।

**अनि विदेशमा बसेर विभिन्न ज्ञान र धन कमाइरहेका नेपालीहरूले चाहीं स्वदेशका लागि योगदान गरेको पाउनुहुन्छ ?**

नेपाल बाहिर छरिएर रहेका गैरआवासीय नेपाली प्रायः सबै पहिलो पुस्ताका नेपाली हुन्, त्यसैले अधिकांश व्यक्तिहरू धनी छैनन्। धेरैले क्षमताले भ्याएसम्म नेपालमा पैसा पठाएका छन्, चन्दा दिएका छन् र केही हदसम्म लगानी पनि गरेका छन्। यसलाई मैले सन्तोषको रूपमा नै हेरेको छु।

**तपाईं एनआरएनको संरक्षक पनि हुनुहुन्छ संस्थाको स्थापना र यसले गरिरहेको कामको बारेमा तपाईं कसरी मूल्यांकन गर्नुहुन्छ ?**

गैरआवासीय नेपाली संघले अहिलेसम्म गरेका कामबाट म मात्रै होइन, सबै सन्तुष्ट छन् भन्ने लाग्छ। नेपाल सरकारले नै कसरी गैरआवासीय नेपालीलाई राष्ट्र निर्माणमा सहभागी गराउने भन्ने नीति निर्माण गर्न सकेको छैन। जसले गर्दा एनआरएनहरूले देश विकासको लागि गर्न खोजिरहेको योगदान गर्न सकिरहेका छैनन्। हामी सबैले बुझेका छौं, आखिर ताली दुई हातले मात्रै बज्छ।

**एनआरएनलाई राज्यले गरेको व्यवहार र सम्बोधन पर्याप्त भएन भन्नुभएको हो ?**

नेपाल सरकारका मानिसहरूमा सोचाइको दरिद्रता र विचारको संकीर्णता भएर अहिलेसम्म एनआरएनको विधिवत रूपमा दर्ता हुन सकेको छैन। तर, अन्य हिसाबले हेर्दा एनआरएनप्रति राज्यको दृष्टिकोण मैले सकारात्मक रूपमा लिएको छु।

**तर, एनआरएनले भनिरहेका कुरा र गरिरहेका काममा भिन्नता छ भन्ने आरोप पनि छ नि !**

एनआरएनभित्र धेरैथरीका व्यक्तिहरू छन्। कतिपयले आफ्नो हैसियत र क्षमता भन्दा बाहिरका सपना बोकेका छन्। तर, समग्रमा एनआरएनले एउटा अभियानको रूपमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरै लगानी गरिसकेको छ। म जस्ता प्राज्ञिक क्षेत्रका व्यक्तिले बौद्दिक लगानी पनि धेरै गरेका छौं। यो कुरा प्रष्ट देखिएको छ। त्यसैले केही व्यक्तिले गरेको आलोचनामा सिंगो एनआरएनलाई मूल्यांकन गर्न मिल्दैन जस्तो लाग्छ।

**एनआरएनए स्थापना भएको एक दशक भइसकेको छ, अब त एनआरएनले नयाँ विषय सहित दोस्रो चरणमा प्रवेश गर्ने बेला आयो नि हैन ?**

हो, एनआरएनले अहिले गरिरहको कामलाई निरन्तरता दिंदै नेपालको सुशासन, भ्रष्टाचार नियन्त्रण र राजनीतिक संस्कारको शुद्दीकरणमा पनि ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ। यी कुराहरूको अभावमा एनआरएनले जति लगानी गरे पनि त्यसको प्रतिफल नेपाली जनताले राम्रोसँग पाउन नसक्ने सम्भावना छ।

**विश्वका कुनै पनि देशका नागरिक भन्दा नेपालीको क्षमता कम छैन भन्ने मान्यतालाई स्थापित गर्न संस्थागत रूपमा थप केही गर्नुपर्छ कि ?**

एनआरएन एक सामाजिक संस्था हो र यस्ता सामाजिक संस्थाको भूमिका यस्ता विषयमा सीमित नै हुन्छ। संसारका ६५/६६ देशमा एनआरएनको सञ्जाल निर्माण गरेर यो संस्थाले नेपालीहरूलाई धेरै सहयोग पुर्‍याउँदै आएको छ। साथै प्रत्येक एनआरएनहरू स्वयंले पनि नेपालीको क्षमता प्रदर्शन गरिरहेका छन्। यसले निरन्तरता पाउँछ भन्नेमा म विश्वस्त छु।

**नयाँ नेतृत्व चयनको संघारमा एनआरएन पुगेको छ, यस बारेमा केही भन्नुहुन्छ कि ?**

अबको नेतृत्व सक्षम, दूरदर्शी र नेपालको दलगत राजनीतिबाट पर्ने नकारात्मक प्रभाववाट संस्थालाई जोगाउन सक्ने हुनुपर्दछ। राष्ट्रनिर्माणमा सहयोग गर्नु नै एनआरएनको प्रमुख उद्देश्य हो। त्यसका लागि नेतृत्व वर्गमा बौद्दिक रूपले धनी र संसारमा नेपालको झण्डा माथि फहराउन सक्ने व्यक्तिहरूको पनि समावेशी आवश्यक छ।

**सम्पूर्ण नेपालीलाई विश्वमा स्थापित भएको एक नेपालीको हैसियतले के भन्नुहुन्छ ?**

सबै साथीहरूलाई मेरो सल्लाह छ कि, तपाईहरू जे गर्दै हुनुहुन्छ त्यो क्षेत्रमा विज्ञतासँगसँगै उत्कृष्टता हासिल गर्नुहोस्। नेपाली भनेर गौरवका साथ आफू बसेको समाजमा आफूलाई स्थापित गराउनुहोस् र नेपाल र नेपालीको दूरगामी र वृहत हितमा काम गर्न कहिल्यै नबिर्सिनुहोस्।



## जलविद्युत् आयोजना
# निर्माण शुरू

*दोर्दीखोला ।*

**गैरआवासीय** नेपाली संघ (एनआरएन)ले सञ्चालन गरेको सामूहिक लगानी अवधारणा अन्तर्गत २७ मेगावाटको लमजुङस्थित दोर्दीखोला जलविद्युत् आयोजना निर्माण प्रक्रिया शुरू भएको छ । यो अवधारणा अनुसार संघले कुल एक सय मेगावाट क्षमताको जलविद्युत् योजना निर्माण गर्ने लक्ष्य लिएको छ । यस अभियान अन्तर्गत विश्वभरका नेपालीहरूले एक अर्ब रूपैयाँ जम्मा गरेका छन् । विदेशमा कमाएर स्वदेशमा पठाएको रेमिट्यान्समध्ये ९० प्रतिशत भन्दा बढी घरायसी उपभोगमा खर्च भइरहेका बेला अभियानले उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षण गरेको हो ।

दोर्दीखेला आयोजनामा एनआरएन इनभेष्टमेण्ट कम्पनी मार्फत विश्वभरका गैरआवासीय नेपालीको यसमा लगानी रहेको छ । दोर्दीखोला जलविद्युत् आयोजनामा ४ अर्ब ३० करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ । सन् २०१७ सम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाबाट विद्युत् उत्पादन शुरू भएपछि वार्षिक झण्डै १७ प्रतिशतले मुनाफा हुने र ६ वर्षमा सम्पूर्ण लगानी उठ्ने अपेक्षा गरिएको छ ।

आयोजनाका लागि हिमालयन पावर पार्टनर प्रा.लि. ले ४९ प्रतिशत र एनआरएन इन्भेष्टमेण्ट कम्पनीले ५१ प्रतिशत लगानी गर्ने सम्झौता भइसकेको छ । कम्पनीले २०६८ असारमा सरकारबाट आयोजना निर्माण लाइसेन्स पाएपछि नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पीपीए) पनि गरिसकेको छ ।

जलविद्युत् आयोजनाका लागि विदेशमा बस्ने नेपालीहरूमा ठूलो उत्साह देखिएको र लगानीका लागि थप आयोजना समेत खोजी गरिरहेको एनआरएनएका अध्यक्ष जीवा लामिछाने बताउनुहुन्छ ।

पाँचौं एनआरएन विश्व सम्मेलनले नेपालमा एक सय मेगावाट विद्युत् उत्पादनका लागि गैरआवासीय नेपालीहरूले सामूहिक रूपमा लगानी गर्ने घोषणा गरेको थियो । त्यही घोषणालाई मूर्तरूप दिन दोर्दीखोला जलविद्युत् आयोजना शुरू गरिएको हो । गैरआवासीय नेपालीको लगानीलाई नेपालमा संस्थागत रूपमा अगाडि बढाउन एनआरएन कम्पनीको भूमिका प्रभावकारी हुने अपेक्षा स्वदेशका उद्योगी व्यवसायीको पनि छ । नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष कुशकुमार जोशी मातृभूमिको विकासका लागि एनआरएनहरूले अब ठोस रूपमै केही गर्ने बेला आएको बताउनुहुन्छ । जलविद्युत् आयोजनादेखि काठमाडौं-हेटौंडा सुरूङ मार्ग त्यसका लागि महत्वपूर्ण 'टर्निङ प्वाइन्ट' हुने उहाँको विश्वास छ ।

एनआरएन अध्यक्ष लामिछाने जलविद्युत्को विकास गरी नेपाललाई समृद्धिको बाटोमा हिडाउन सकिन्छ भन्ने आफूहरूको विश्वास रहेको बताउनुहुन्छ । दोर्दीखोला जलविद्युत् आयोजना सानो भए पनि सामूहिक प्रयासको थालनी भएकाले त्यो विषेश महत्वपूर्ण रहेको उहाँको भनाइ छ । "नेपालमा लगानीका लागि वातावरण छैन भनेर अब हामी पन्छिने कुनै कारण छैन", उहाँले भन्नुभयो ।

एनआरएन इन्भेष्टमेण्ट कम्पनीले लगानीका लागि देशभर करिब १८ वटा जलविद्युत् परियोजना खोजी गरेको जनाएको छ । आफूहरू लाइसेन्स ओगटेर बस्ने भन्दा परियोजना कार्यान्वयनमा केन्द्रित भएकाले दोर्दीखोलामा काम शुरू गरिसकिएको परियोजनाका प्रबन्ध निर्देशक तथा एनआरएनएका उपाध्यक्ष रामेश्वर शाहले बताउनुभयो । अरूले ओगटेका लाइसेन्स समेत लिएर परियोजना अघि बढाउनेबारे सरकारसँग एनआरएनले प्रक्रिया अघि बढाएको छ ।

दोर्दीखोलामा नेपालको प्रतिष्ठित व्यावसायिक घरानाको पनि साथ रहेकोले समयमै आयोजना सम्पन्न हुने विश्वास संघले लिएको छ ।

---

# सुरूङमार्गमा एनआरएनको
## उत्साहजनक सहभागिता

**नेपालको** निजी क्षेत्रले आफ्नै बलबुतामा निर्माण गर्न लागेको महत्वाकांक्षी काठमाडौं-कुलेखानी-हेटौंडा सुरूङमार्गका लागि गैरआवासीय नेपालीहरूबाट झण्डै पाँच अर्ब लगानी भित्र्याउने लक्ष्य लिइएको उक्त आयोजनाका प्रवर्द्धकहरूले जनाएका छन् ।

एनआरएन युकेद्वारा लण्डनमा आयोजित कार्यक्रममा नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडका अध्यक्ष कुशकुमार जोशीले नेपाली पूँजी, नेपाली सीप र स्थानीय निकाय तथा स्थानीय बासिन्दाहरूको सहभागितामा निर्माण गरिन लागेको सुरूङमार्गमा लगानी गर्नका लागि विभिन्न देशमा रहेका एनआरएनहरूले उत्साह देखाएको बताउनुभयो । अध्यक्ष जोशीका अनुसार जर्मनी, स्वीट्जरल्याण्ड, बेलायत तथा बेल्जियममा रहेका एनआरएनका तर्फबाट ९६ करोड रूपैयाँ बराबरको लगानी गर्ने प्रतिवद्धता भइसकेको छ । उहाँले एनआरएनसँग हातमा हात मिलाएर काम गर्न पाउँदा आफूमा निकै उत्साह थपिएको बताउनुभयो । झण्डै ३५ अर्बको लागत लाग्ने अनुमान गरिएको उक्त आयोजना चार वर्षमा निर्माण पूरा हुने लक्ष्य लिइएको छ ।

लण्डनमा भएको अन्तर्क्रियामा उद्योगपति राजेन्द्र खेतानले निजी क्षेत्रबाट थालिएको यो आयोजनाले नेपालको विकासमा दरिलो टेवा दिने बताउनुभयो ।



*सुरुङ मार्गमा लगानी सम्बन्धी बेलायतमा भएको अन्तर्क्रियामा सहभागी ।*



# मुलुकको लागि थप ज्ञान र सीप लगाउनुस्ः राष्ट्रपति

**स्वास्थ्य** परीक्षणका लागि जापान पुग्नुभएका राष्ट्रपति डा.रामवरण यादवसँग त्यहाँस्थित गैरआवासीय नेपालीहरूले भेट गरी स्वास्थ्य अवस्थाबारे जानकारी लिए । भेटका क्रममा स्वास्थ्य लगायत अन्य विभिन्न विषयमा छलफल भएको थियो । सो समारोहमा राष्ट्रपति डा. यादवले नेपालको आर्थिक उन्नतिको लागि गैरआवासीय नेपालीहरूले पुऱ्याएको योगदानको प्रसंशा गर्दै विकासको लागि थप योगदान गर्न आग्रह गर्नुभयो ।

भेटघाट समारोहमा नेपाली कांग्रेसका नेता तथा पूर्व अर्थमन्त्री रामशरण महत, जापानका लागि नेपाली राजदूत मदनप्रसाद भट्टराई, एनआरएन प्रवक्ता डा. हेमराज शर्मा, कोषाध्यक्ष भवन भट्ट, एनआरएन जापानका अध्यक्ष ओम गुरूङ, एशिया प्यासिफिक क्षेत्रीय उपसंयोजक किरण थापा, आईसीसी सदस्य रोशन केसी लगायतको सहभागिता रहेको थियो ।

# एनआरएनद्वारा
# हेगमा बुद्धमूर्ति स्थापना



*उच्चस्तरीय न्यायालयमा बुद्धको मूर्ति राखेपछि सामूहिक तस्वीर खिचाउँदै एनआरएन अध्यक्ष लगायत ।*

**गैरआवासीय** नेपाली संघको पहलमा नेदरल्याण्डको हेगस्थित अन्तर्राष्ट्रिय अदालत परिसरमा गौतम बुद्धको मूर्ति स्थापना गरिएको छ । गौतम बुद्धको जन्मस्थानका बारेमा केहीले भ्रम फैलाउन खोजेपछि परराष्ट्र मन्त्रालयको समेत उपस्थितिमा गैरआवासीय नेपाली संघले २४ जुनमा अन्तर्राष्ट्रिय अदालतको तेस्रो तलामा २ दशमलव ५ फिट अग्लो गौतम बुद्धको मूर्ति स्थापना गरेको हो । मूर्ति हस्तान्तरण समारोहमा अन्तर्राष्ट्रिय अदालतका मुख्य सहित अधिकांश न्यायाधीशहरूको उपस्थिति रहेको थियो ।

त्यस समारोहमा नेपाली राजदूत राममणि पोखरेल सहित दूतावासका अधिकारी लगायत संघका संस्थापक अध्यक्ष उपेन्द्र महतो, उपाध्यक्षद्वय हितमान गुरुङ र रामेश्वर शाह, महासचिव तेन्जी शेर्पा, एनआरएन युरोप संयोजक कुमार पन्त लगायतको उपस्थिति रहेको थियो ।

मूर्ति स्थापना गरेपछि हेगमा पत्रकारसँग कुरा गर्दै संघका अध्यक्ष जीवा लामिछानेले भन्नुभयो, "गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने कुराको तथ्य विश्वभरका नागरिकलाई सम्प्रेषण गर्ने उद्देश्यले मूर्ति स्थापना गरिएको हो ।" उहाँले बुद्धको दर्शन संसारभर फैलिएको र शान्तिको लागि अझै प्रचार गर्नु आवश्यक रहेको बताउनुभयो ।



*हेगमा राखिएको मूर्ति*

सो अदालत परिसरभित्र नेल्सन मण्डेला, जवाहरलाल नेहरू, महात्मा गान्धी लगाएतका विश्व प्रसिद्ध व्यक्तिहरूका प्रतिमा राखिएका छन् । झण्डै पाँच लाख रूपैयाँको लगानीमा स्थापना गरिएको मूर्तिमा बुद्ध नेपालमा जन्मिएका हुन् भनेर लेखिएको छ । यस परियोजनाको लागि एनआरएन यूकेले सक्रियता लिनुको साथै आर्थिक संकलन गरेको थियो ।

---

# छैठौं युरोपियन बैठक सम्पन्न



**'युरोपमा** नेपाली एकता, प्रगति र पहिचान, सामूहिक लगानीमा नयाँ अभियान' भन्ने नाराका साथ संघको छैठौं युरोपियन बैठक तथा चौथो युरोपियन क्षेत्रीय महिला सम्मलेन २१ र २२ जुनमा स्वीट्जरल्याण्डको ज्युरिचमा सम्पन्न भयो । २६ देशका २ सय १८ जना प्रतिनिधि तथा पदाधिकारीहरूको सहभागिता रहेको बैठकले नेपालमा थप लगानी गर्ने, महिलाको शक्ति लगायतका विभिन्न १७ वटा निर्णय गरेको छ । सम्मेलनमा विशेषगरी सामूहिक लगानी, वैदेशिक रोजगारी, नेपाली नागरिकताको निरन्तरता लगायतका विभिन्न विषयमा कार्यपत्र सहित छलफल भएको थियो ।

सम्मेलनको उद्घाटन गर्दै स्वीट्जरल्याण्डका लागि नेपाली राजदूत शंकर बैरागीले आर्थिक कूटनीति र एनआरएनको आकर्षणलाई कायम राख्नुपर्ने बताउनुभयो । स्वीट्जरल्याण्डका पूर्व फेडरल चान्सलर आनामारी होवर होच्वले नेपालमा महिला सशक्तीकरण र महिला अधिकारका लागि सहयोग गर्न आफ्नो देश तयार रहेको बताउनुभयो । संघका अध्यक्ष जीवा लामिछानेले चिनजान र पहिचान गर्न गराउन मात्र संगठनमा लाग्नु भन्दा नेपालको विकासका लागि संगठनमा लाग्न अपील गर्नुभयो । संस्थापक अध्यक्ष उपेन्द्र महतोले व्यक्ति जति धनि भए पनि देश सम्पन्न हुन नसके एनआरएनहरूको पनि पहिचान हुन नसक्ने बताउनुभयो ।

संरक्षक रामप्रताप थापा, आईसीसी उपाध्यक्षद्वय क्याप्टेन हितमान गुरुङ र रामेश्वर शाह, महासचिव तेन्जी शेर्पा, युरोप क्षेत्र संयोजक कुमार पन्त, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष कुशकुमार जोशी, उद्योगीहरू राजेन्द्र खेतान र चन्द्रप्रसाद ढकाल लगायतले नेपाली नागरिकताको निरन्तरता, वैदेशिक रोजगारको समस्या र नेपालमा सहकार्यको मोडेलमा गर्न सक्ने लगायतका विषयमा धारणा राख्नुभएको थियो ।

बैठकले नेपालमा उपलब्ध लगानीका अवसरलाई ध्यानमा राखेर सरकारले प्राथमिकता राखेका क्षेत्रहरूमा युरोपबाट थप लगानी गर्ने प्रतिवद्धता जनाएको छ । त्यस्तै गैरआवासीय नेपाली र नेपालको निजी क्षेत्रबीच सहकार्य भए लगानी प्रभावकारी हुने निष्कर्ष निकाल्दै रोजगारी बढाएर विदेशी युवाको सीपलाई राष्ट्र विकासमा लगाउन सकिने ठहर गरेको छ । नेपाल सरकारले अगाडि सारेको आर्थिक कूटनीतिको अवधारणको स्वागत गर्दै बैठकले त्यसको कार्यान्वयनमा नेपाली कूटनीतिक नियोगहरूसँग सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

सातौं यूरोपियन बैठक स्पेनको बार्सिलोनामा २०१४ सालमा आयोजना गर्ने निर्णय पनि यो बैठकले गर्‍यो ।

# तेस्रो एसिया प्यासिफिक
# क्षेत्रीय बैठक सम्पन्न

**गैरआवासीय** नेपाली संघको तेस्रो एसिया प्यासिफिक क्षेत्रीय बैठक फिलिपिन्सको राजधानी मनिलामा ६ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भयो । "समृद्ध नेपालको लागि नेपाली एकता" भन्ने नारा तय गरिएको सम्मेलनमा एसिया प्यासिफक क्षेत्रका १२ मुलुकका करिब एक सयभन्दा बढी गैरआवासीय नेपालीहरू सहभागी थिए । बैठक विदेशमा कार्यरत नेपाली श्रमिकका समस्या र उनीहरूले नेपाल पठाउने रेमिट्यान्सको कसरी सदुपयोग गर्ने भन्ने विषयमा केन्द्रित थियो । बैठकपछि घोषणा गरिएका निर्णयहरूमा विश्व सम्मेलनअघि नै एनआरएन दर्ता, विदेशमा बस्ने नेपाली नागरिकहरूको मताधिकार सुनिश्चित, विदेशमा बस्ने नेपाली मूलका विदेशी नागरिकलाई सहज ढंगले एनआरएन कार्ड वितरण गर्न सरकारसँग माग गरिएको छ । यस्तै सामूहिक लगानीका लागि शुरू भएको पहलमा विश्वभर फैलिएको एनआरएन सञ्जाललाई उपयोग गर्ने निर्णय पनि भएको छ ।

एसिया प्यासिफिक संयोजक यामकुमार गुरुङ (त्रियोग)को अध्यक्षतामा भएको बैठकमा संघका अध्यक्ष जीवा लामिछाने, प्रमुख संरक्षक देवमान हिराचन, संस्थापक अध्यक्ष उपेन्द्र महतो, उपाध्यक्षद्वय हितमान गुरुङ र रामेश्वर शाह, महासचिव तेन्जी शेर्पा, सचिव टीबी कार्की, कोषाध्यक्ष भवन भट्ट, युरोप संयोजक कुमार पन्त, लगायतको विशेष उपस्थिति रहेको थियो ।





परराष्ट्र मन्त्री घिमिरेसँगको भेटमा संघका अध्यक्ष लगायत ।

## परराष्ट्र मन्त्री घिमिरे र शिक्षा मन्त्री पौडेलसँग छुट्टाछुट्टै छलफल

**गैरआवासीय** नेपाली संघका मुद्दालाई सम्बोधन गर्न सरकार सकारात्मक देखिएको छ । संघका अध्यक्ष जीवा लामिछानेको नेतृत्वको प्रतिनिधिमण्डलसँगको भेटमा परराष्ट्र मन्त्री माधवप्रसाद घिमिरेले एनआरएनका मुद्दामा सरकार सकारात्मक रहेको बताउनुभएको छ । काठमाडौंमा भएको छलफलमा परराष्ट्र सचिव, एनआरएन डेक्स हेर्ने सहसचिव तथा उपसचिवको पनि सहभागिता थियो । छलफलमा अध्यक्ष लामिछानेले आगामी अक्टोवर महिनाको २१ र २२ मा आयोजना गरिने गैरआवासीय नेपाली विश्व सम्मेलनको उच्चस्तरीय आयोजक समितिको गठन, संघ दर्ता सम्बन्धी विविध पक्षका सम्बन्धमा गैरआवासीय नेपाली संघको धारणा समेत प्रस्तुत गर्नुभयो । लामिछानेले एमआरपी पासपोर्ट रिन्यूमा तथा विदेशमा कागजातहरू प्रमाणीकरणमा देखा परेको जटिलताबारे परराष्ट्रका प्रतिनिधिहरूको ध्यानाकर्षण गर्दै यसलाई सरलीकरण गर्न समेत अनुरोध गर्नुभयो । ओमान, साउदी अरेबिया तथा चीनमा महावाणिज्य दूतावास स्थापना सम्बन्धी ध्यानाकर्षण गराउँदा छिट्टै कार्यान्वयन गर्ने प्रतिवद्धता मन्त्रालयको थियो । रिमिटेन्सलाई आधिकारिक माध्यमबाट नेपाल भित्र्याउन संघले गरेको अध्ययनबारे पनि सरकारलाई जानकारी गराइयो ।

यसैगरी सरकारले नेपालमा खुला विश्वविद्यालय स्थापनाको लागि जग्गा तथा भवन उपलब्ध गराउने भएको छ । एनआरएनएका प्रतिनिधिसँगको छलफलको क्रममा शिक्षा मन्त्री माधव पौडेलले काभ्रेको धुलिखेलमा जग्गा र भवन उपलब्ध गराउने प्रतिवद्धता जनाउनुभएको हो । त्यसको लागि सरोकारवालाहरूसँग छलफल गरेर छिट्टै प्रक्रिया आगडि बढाइने मन्त्री पौडेलले बताउनुभयो ।

भेटघाटको क्रममा 'ओपन युनिभर्सिटी नेपाल' र त्यसको लागि गैरआवासीय नेपालीले गर्न सक्ने सहयोगको बारेमा पनि छलफल भएको थियो ।

सो अवसरमा गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेले नेपालीहरूको सीप, ज्ञान तथा स्रोत-साधनको विकासको लागि आफूहरू सहयोग गर्न तयार रहेको बताउनुभयो । सो अवसरमा शिक्षा मन्त्रालयका सचिव, सहसचिव सहित एनआरएनको तर्फबाट डा. प्रमोद ढकाल लगायतको सहभागिता रहेको थियो ।

## संघको अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको तयारी तीव्र

१९-२० अक्टोवरमा हुने गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन र २१-२२ सम्म काठमाडौंमा हुने *गैरआवासीय नेपाली संघको छैठौं महाधिवेशन तथा विश्व सम्मेलनका लागि "गैरआवासीय नेपाली र नेपालः समृद्धिका साझेदार"* (NRNs and Nepal: Partners in Prosperity) भन्ने नारा तय गरिएको छ । सम्मेलनलाई व्यवस्थित र भव्य रुपमा सफल बनाउन गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष जीवा लामिछानेको संयोजकत्वमा मूल समिति र विभिन्न विषयसँग सम्बन्धित सात वटा उपसमितिहरू गठन गरिएको छ । जसमाः संघका उपाध्यक्ष क्या. हितमान गुरूङको संयोजकत्वमा अतिथि सत्कार, अर्का उपाध्यक्ष रामेश्वर शाहको संयोजकत्वमा व्यवस्थापन, महासचिव तेन्जी शेर्पाको संयोजकत्वमा राष्ट्रिय अधिवेशन तयारी, सचिव टेकबहादुर कार्कीको संयोजकत्वमा प्रतिनिधि दर्ता, कोषाध्यक्ष भवन भट्टको संयोजकत्वमा आर्थिक संकलन, प्रवक्ता डा. हेमराज शर्माको संयोजकत्वमा प्रचार-प्रसार, प्रकाशन, घोषणा-पत्र मस्यौदा तथा विधान संशोधन, परियोजना संयोजक नरेश कोइरालाको संयोजकत्वमा निर्वाचन समित गठन गरिएको छ ।

## रूसमा गणतन्त्र दिवस



**पाँचौं गणतन्त्र** दिवस रूसमा पनि मनाइएको छ । रूस महासंघको राजधानी मस्कोमा आयोजना गरिएको कार्यक्रममा कुटनीतिक पदाधिकारी, व्यवसायी, समाजसेवी तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । मस्को स्थित नेपाली दुतावासमा भएको समारोहमा राजदुत डा. रविमोहन सापकोटाले संविधान लेख्ने काम विश्वमै जटिल विषय हो भन्दै नेपालमा केही ढिलो भयो भन्दैमा आन्तिनु नपर्ने बताउनु भयो । सो अवसरमा संघका अध्यक्ष जीवा लामिछानेले संसारभरिका गैरआवासीय नेपालीहरूलाई गणतन्त्र दिवसको बधाई दिँदै नेपालको पछिल्लो समाचार सुनाउनुभयो । रूस महासंघका अध्यक्ष उत्सव कुमार अमात्यले गणतन्त्र दिवशको उपलक्ष्यमा सबैमा शुभकामना दिनुभयो ।

## जर्मनीमा सम्मान कार्यक्रम

नेपाली नयाँ वर्ष २०७० सालको उपलक्ष्यमा एनआरएनए जर्मनीको आयोजनामा अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (अनेकस) जर्मनीले "वर्षको उत्कृष्ट नेपाली चलचित्र सम्मान" तथा "युरोप स्तरीय एकल नेपाली नृत्य प्रतियोगिता" सम्पन्न गऱ्यो । जर्मनीको हाम्बर्ग शहरमा आयोजना गरिएको कार्यक्रमको पहिलो चरणमा प्रवासमा बनेका चलचित्रलाई अवार्ड प्रदान गरियो ।

चलचित्र शायद, लूट, मालतीको भट्टी, काठमाडौं, आन्दाज मध्येबाट उत्कृष्ट वर्ष निर्देशक सुरज सुब्वा तथा उत्कृष्ट फिल्म निर्माताको अवार्ड चलचित्र शायदका सुनील रावलले हात पार्नुभयो । दोस्रो चरणमा कार्यक्रममा प्रमुख अतिथिका रूपमा नेपाली राजदूत महामहिम डा. सुरेशप्रसाद प्रधान र विशेष अतिथिका रूपमा एनआरएनएका संरक्षक रामप्रताप थापाको सहभागिता थियो ।

## महिला पर्वतारोहीको सम्मान

**महिला** पर्वतारोही शैली बस्नेतको नेतृत्वमा सात सदस्यीय महिला पर्वतारोही दलले किलिमान्जरो पर्वत सफलता पूर्वक आरोहण गरेको उपलक्ष्यमा तान्जनियामा उहाँहरुलाई सम्मान गरियो । सम्मान कार्यक्रममा नेपाल टुरिजम बोर्डका कार्यबाहक कार्यकारी अधिकृत सुवास निरौलाका साथै विश्व बैंकका डा. अरुणराज जोशी, स्मार्ट मोबाइल बुरुण्डीका प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र भण्डारी तथा युएनका संगीता खड्का विष्टका साथै एनआरएन तान्जनियाका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।



## महिलाका लागि अक्षयकोष

पछिल्लो समयमा मुलुकमा बढ्दै गएको हिंसाबाट पीडित भएका महिलाहरूको सहयोगार्थ युरोपियन क्षेत्रका महिलाहरूको तर्फबाट अक्षयकोष स्थापना भएको छ । स्वीट्जरल्याण्डको ज्युरिचमा भएको चौथो क्षेत्रीय युरोपियन महिला सम्मेलनमा १० लाख रूपैयाँको कोष घोषणा गर्दै सो रकम नेपालमा हिंसाबाट पीडित महिलाहरूको सहयोगको लागि खर्च गर्ने निर्णय गरिएको थियो । साथै जुम्लामा बन्दै गरेको प्रसूतिगृहको लागि ७ लाख ५० हजार रूपैयाँ सहयोगको प्रतिवद्धता जनाइएको छ । जसमध्ये एनआरएनका संरक्षक रामप्रताप थापाले ७ लाख रूपैयाँ सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको हो ।

यस सम्मेलनमा विदेशमा रहेर नेपालका विभिन्न क्षेत्रमा परोपकारी काम गर्दै आउनुभएका नश्मा श्रेष्ठ (स्वीट्जरल्याण्ड), टुका क्षेत्री (युके) र आन्नामारी स्पार्र (स्वीट्जरल्याण्ड)लाई सम्मान गरिएको थियो ।



*चौथो युरोप महिला सम्मेलनमा सम्मानित तीन महिला ।*

यसैगरी एनआरएन बेल्जियम महिला विभागको पहलमा नेपालका असहाय महिला तथा बालबालिकालाई सहयोग गर्ने उद्देश्यले एक अक्षयकोष स्थापना भएको छ । यस कोषलाई 'एक व्यक्ति एक युरो सहयोग अभियान' नाम दिइएको छ । नारी दिवसको अवसरमा आयोजित कार्यक्रमबाट १५ सय युरो जम्मा गरी स्थापना गरिएको कोषमा प्रत्येक महिना एक व्यक्तिबाट कम्तीमा एक युरो संकलन गरिने जनाइएको छ ।

# विभिन्न देशमा बुद्ध जयन्ती




**२५५७** औं बुद्ध जयन्तीको अवसरमा पोर्चुगलमा एक विशाल न्याली सहित शोभा यात्रा कार्यक्रम सम्पन्न भयो । गैरआवासीय नेपाली संघ पोर्चुगलको आयोजनामा सम्पन्न न्यालीमा बुद्ध नेपालमा जन्मिएको सन्देश दिन बौद्ध झण्डा, नेपाली तथा पोर्चुगिज झण्डा, बुद्धका मूर्ति, मादल र न्याली सहित शहर परिक्रम गरिएको थियो । बुद्ध नेपाल जन्मिएको प्लेकार्ड टिसर्ट र विभिन्न भेषभूषामा सजिएका सयौं नेपालीहरूले बुद्धम् शरणम् गच्छामी मन्त्रोचारण सहित घोडा चोक पुगेर सभामा परिणत भएको न्यालीमा पोर्चुगिज नागरिक तथा विदेशीहरू समेत सहभागी भएका थिए । त्यसैगरी जर्मनीमा पनि २५५७ औं बुद्ध जयन्ती विभिन्न कार्यक्रमका साथ मनाइयो । एनआरएनए जर्मनी क्षेत्रीय समन्वय परिषद् एनआरडब्लु र लुम्बिनी-कपिलवस्तु दिवस अभियान जर्मनी संयुक्त रूपमा मनाइएको बुद्ध जयन्तीमा निस्किेको न्यालीले म्युनिस्टर शहरमा विभिन्न भागको परिक्रममा गरेको थियो ।

त्यसैबीच इजरायलमा पनि विभिन्न कार्यक्रम गरी बुद्ध जयन्ती मनाइएको छ । नेपाली राजदूतावास इजरायल र एनआरएन इजरायल लगायत विभिन्न १० सामाजिक संघ संस्थाको संयुक्त आयोजनामा मनाइएको बुद्ध जयन्तीमा बुद्धको तस्वीरमा माल्यार्पण गरियो । कार्यक्रममा इजरायलका लागि नेपाली राजदूत महामहिम प्रल्हादकुमार प्रसाई, एनसीसीका अध्यक्ष सुवास खरेल, म्यानमार, भियतनाम, श्रीलंकाका कूटनीतिक नियोग प्रमुखहरूको सहभागिता थियो । त्यस्तै थाई एम्बेसीका प्रतिनिधि, इजरायलमा रहेका पर्यटन व्यवसायीहरू, इजरायल सरकारका विशिष्ट व्यक्तित्वको सहभागिता थियो । उता साइप्रसको लाओसमा पनि बुद्ध जयन्ती मनाइएको छ । एनआरएन एनसीसी साइप्रसका अध्यक्ष चन्द्रकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा होनरी काउन्सिल डा. रामजीवन पन्जियार, इदर इब्राहम सिप्रिओट लगायतका व्यक्तिहरूको उपस्थिति थियो ।

## मलेसियामा लुम्बिनीको प्रचार

**गौतम** बुद्ध भारतमा जन्मिएको भन्दै प्रचार भइरहेका बेला त्यसलाई चिर्न मलेसियामा रहेका नेपालीहरूले बुद्ध नेपालको लुम्बिनीमा जन्मिएको सन्देश फैलाउन कार्यक्रम गरेका छन् । क्वालालम्पुरको ब्रेकफिल्डमा आयोजित पैदल न्यालीमा नेपाली समुदायले अशोक स्तम्भको झल्को दिनेगरी प्रतिमा बनाइएको थियो । हजारौं स्थानीय बौद्धमार्गी सहितको सहभागितामा निस्किएको पैदल यात्रामा मलेसियाका लागि कार्यवाहक नेपाली राजदूत, नेपाली समुदायका प्रतिनिधि र ठूलो संख्यामा नेपालीहरूको सहभागिता थियो । कार्यक्रमको आयोजना एनआरएन मलेसिया लगायत विभिन्न संघसंस्थाले गरेका थिए ।



## काष्ठ कला तालिम सम्पन्न

**भक्तपुरका** २७ जना महिला तथा पुरुष काष्ठ उद्योग सञ्चालन गर्न सक्षम भएका छन् । गैरआवासीय नेपाली संघ रसियाको सहयोग र भक्तपुर उद्योग वाणिज्य संघको आयोजनामा २७ जना महिला तथा पुरुषलाई ३ महिने काष्ठ कला तालिम दिइएपछि उनीहरू उद्योग सञ्चालन गर्न सक्षम बनेका हुन् । तालिम समापनमा उनीहरूद्वारा ३ महिना तालिम लिएर निर्माण गरेका काष्ठ कलाका विभिन्न सामग्रीहरू प्रदर्शनका लागि राखिएका थिए ।

भक्तपुर उद्योग वाणिज्य संघमा आयोजना गरिएको यस कार्यक्रममा गैरआवासीय नेपाली संघका उपाध्यक्ष रामेश्वर शाह र नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान उपाध्यक्ष एवं कृष्णप्रसाद ताम्राकारले संयुक्त रूपमा प्रशिक्षार्थीहरू, प्रशिक्षक र तालिममा सहयोग गर्ने व्यक्ति तथा संस्थाहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । कार्यक्रममा गैरआवासीय नेपाली संघका महासचिव तेञ्जी शेर्पा, रसियाका आइसीसी सदस्य एवं विदेशमा नेपाली उत्पादनको प्रवर्द्धन कार्यलका सभापति डा. बद्री केसी लगायत अन्य संघ संस्थाका प्रतिनिधिहरूले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

## फ्रान्समा सांस्कृतिक कार्यक्रम

**एनआरएन** फ्रान्सको आयोजनामा लाकुर्नमा नेपाली सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । गायन क्षेत्रका प्रसिद्ध नेपाली कलाकारहरू रामकृष्ण ढकाल, मल्लिका कार्की र द एक्स व्याण्डको समूह यूरोप पुगेको अवसरमा एनआरएनए फ्रान्सले कार्यक्रम गरेको हो । कार्यक्रममा फ्रान्सका लागि नेपाली राजदूत मोहनकृष्ण श्रेष्ठ र संघका अध्यक्ष निर्मल अर्यालले संयुक्त रूपमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुभयो ।

## स्पेनमा नेपाली पर्यटन साँझ



**नेपाल**, नेपाली कला संस्कृति तथा परम्परा र पर्यटनको विदेशमा प्रचारप्रसार गर्ने उद्देश्यले स्पेनको बार्सिलोनामा नेपाली पर्यटन साँझ सम्पन्न भएको छ । गैरआवासीय नेपाली संघ स्पेन, नेपाली दूतावास तथा नेपाली अवैतनिक वाणिज्यदूत बार्सिलोनाको संयुक्त आयोजनामा सम्पन्न नेपाल पर्यटन प्रवर्द्धन साँझ २०१३ मा नेपाल सरकारका प्रतिनिधिहरू सहित लगभग ४०० जना स्वदेशी र विदेशी पाहुनाको सहभागिता थियो ।

कार्यक्रममा नेपाल पर्यटन प्रबर्द्धन को १५ मिनेटको भिडियो तथा Buddha Born in Nepal को भिडियो प्रदर्शन गरिएको थियो । कार्यक्रमको उद्घाटन राजदूत मोहनकृष्ण श्रेष्ठ र स्पेन सरकार प्रतिनिधि चाभियर बोशले गर्नुभएको थियो । एनआरएन स्पेनका तत्कालीन अध्यक्ष अर्जुन काफ्लेले एनआरएन स्पेनको चिनारी र गतिविधि सहित स्वागत गरेको कार्यक्रममा नेपालबाट समेत पत्रकारको सहभागिता थियो ।




### विद्यालय कम्प्युटर प्रयोगशालामा

## एनआरएनको साझेदारी

**सरकारी** विद्यालयमा कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय स्थापना गर्न सरकारले १० करोड रूपैयाँ छुट्याएको छ । यस परियोजनाबाट पहिलो वर्ष ७५ जिल्लाका ६६८ वटा विद्यालयहरू लाभान्वित हुने लक्ष्य राखिएको छ । कम्प्युटर, प्रिन्टर सहित प्राविधिक तालिमको लागि लाग्ने खर्चको ७० प्रतिशत (एक विद्यालयको लागि करिब १ लाख ४० हजार रूपैयाँ ।) सरकारले बेहोर्ने छ भने बाँकी ३० प्रतिशत रकम विद्यालय आफैंले जुटाउनु पर्नेछ । ३० प्रतिशत रकम जुटाउन नसक्ने विद्यालयलाई गैरआवासीय नेपाली संघले सहयोग गर्नेछ ।

संघका अध्यक्ष जीवा लामिछानेले आफू पढेको विद्यालयलाई सहयोग गर्न सम्पूर्ण गैरआवासीय नेपालीलाई अपील गर्नुभएको छ । परियोजनाको लागि संघको तर्फबाट हारबर्ड विश्वविद्यालयका प्राध्यापक डा. शिव गौतमले विगत केही वर्ष पहिलेदेखि नेपाल सरकारसँग सक्रियता देखाउँदै आउनुभएको छ । संघको लगानीमा नेपाल उच्च माध्यमिक विद्यालय रत्ननगर चितवनमा स्थापित कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालयको नेपाल सरकारका मुख्य सचिव लीलामणि पौडेलको प्रमुख आतिथ्यमा उद्घाटन गरिएको थियो ।

## पूर्वप्रधानमन्त्री र एनआरएन हङकङबीच अन्तर्क्रिया



**पूर्वप्रधानमन्त्री** पुष्पकमल दाहाल प्रचण्डले गैरआवासीय नेपालीहरू राष्ट्र निर्माणको महत्वपूर्ण सहपाठी भएकोले विकास निर्माणका काममा साझेदार बन्न आग्रह गर्नुभएको छ । आफ्नो एक साता लामो चीन भ्रमण सकेर नेपाल फर्कने क्रममा हङकङमा रहेका गैरआवासीय नेपालीहरूसँगको भेटमा उहाँले नेपालमा लगानी बढाउन आग्रह गर्नुभयो । देशमा लगानीको वातावरण बनाउन राजनीतिक दलहरूले पहल गर्ने भन्दै प्रचण्डले ढुक्क भएर लगानी गर्न अनुरोध गर्नुभयो ।

अन्तर्क्रिया कार्यक्रममा आईसीसी सदस्य कृष्ण पाण्डेले नेपालमा राजनीतिक स्थिरता कामय होस् भन्ने सम्पूर्ण एनआरएनको चाहना भएको बताउनुभयो । एनआरएन हङकङका अध्यक्ष दुर्गा गुरुङले ठूलो आर्थिक समृद्धि हासिल गरेका छिमेकीहरू भए पनि नेपालले फाइदा लिन नसकेको बताउनुभयो । सो अवसरमा गैरआवासीय नेपाली संघ दर्ताका लागि अवश्यक पहल गरिदिन एनआरएनको तर्फबाट प्रचण्डलाई आग्रह गरिएको थियो भने त्यसको जवाफमा उहाँले दर्ता प्रक्रियाको लागि आवश्यक पहल गरिदिने आश्वासन दिनुभएको थियो ।

## विद्यालयलाई सहयोग

सेभेन सम्मिट फाउन्डेशनले सोलुखुम्बुको विद्यालयलाई ५० हजार नगद सहित करिब १५ लाख रूपैयाँ बराबरको सहयोग गरेको छ । सामाजिक सेवाका लागि अमेरिकामा स्थापना भएको नेपाली शेर्पाको नेतृत्वको फाउन्डेशनले नेपाल लगायत अन्य देशका विद्यालयलाई सहयोग गर्दै आएको छ । फाउन्डेशनका अध्यक्ष शेर्पाले सोलुखुम्बु जस्तै देशका विभिन्न विकट जिल्लामा रहेका विद्यालयहरूलाई आगामी दिनमा यस्तै सहयोग गर्न प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा शेर्पाले सोलुखुम्बु जिल्लाका विकट गाउँ टाप्टिङ, केरूङ र गोराका बासिन्दाहरूलाई सुविधा हुने गरी आगामी २ वर्षभित्र अत्याधुनिक डेन्टल क्लिनिक सञ्चालन गर्ने घोषणा पनि गर्नुभयो ।

## मुक्तिनाथमा बुद्धको प्रतिमाका लागि १ करोड

**अन्तर्राष्ट्रिय** सम्मेलन परिषद् अमेरिकाका सदस्य सोनाम लामाले मुस्ताङ जिल्लास्थित मुक्तिनाथ क्षेत्रमा बुद्धको प्रतिमा स्थापनाको लागि एक करोड रूपैयाँ सहयोग गर्नुभएको छ । बौद्ध र हिन्दु दुवैको आस्थाको केन्द्र रहेको मुक्तिनाथलाई लुम्बिनी-मुक्तिनाथ-पशुपतिनाथ त्रिकोणात्मक धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने योजना अनुसार शुरूमा बुद्धको प्रतिमा स्थापना गर्न लागेको बताउनुभयो । त्यहाँ ३२ फिट उचाइको ढुङ्गावाट निर्मित बुद्धको प्रतिमा स्थापना गरिने छ । जसको लागि २ करोड रूपैयाँ लागत अनुमान गरिएको छ । लामाले पहिलो किस्ता वापत २५ लाख रूपैयाँ मुक्तिनाथ संरक्षण तथा विकास समितिका अध्यक्ष योङ्ग्ेल लामालाई हस्तान्तरण गर्नुभयो ।



## समतालाई सहयोग

**गैरआवासीय** नेपाली संघ, एनसीसी न्युजिल्याण्ड र समता शिक्षालय सदनबीच पिछडिएका वर्गहरूका बालबालिकालाई शिक्षाको पहुँचमा पुऱ्याउने विषयमा सम्झौता भएको छ । कास्की जिल्लाको पोखरामा समता शिक्षालय सदनको शाखा विस्तारका लागि भवन निर्माणमा सहयोग गर्ने सम्झौता पत्रमा हस्ताक्षर भएको छ । गैरआवासीय नेपाली संघको तर्फबाट अध्यक्ष जीवा लामिछाने, एनसीसी न्युजिल्याण्डका अध्यक्ष चक्र थापा तथा एनसीसी न्युजिल्याण्ड परोपकारी परियोजना कार्यदल अन्तर्गत एशिया प्रशान्त क्षेत्रका संयोजक डा. ईश्वरीप्रसाद न्यौपाने र समता शिक्षालय सदनका संस्थापक अध्यक्ष उत्तम सञ्जेलले हस्ताक्षर गर्नुभयो । सोही अवसरमा एनसीसी न्युजिल्याण्डले इनेटवर्किङ रिसर्च एण्ड डेभलपमेण्ट संस्थालाई सहयोग स्वरूप २ लाख ८० हजारको चेक हस्तान्तरण गऱ्यो ।

## बाढीपीडितका लागि रकम हस्तान्तरण



**नेपालको** सुदूर तथा मध्यपश्चिम क्षेत्रमा गएको बाढी-पहिरो पीडितहरूको सहयोगार्थ गैरआवासीय नेपाली संघले ५० लाख रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हस्तान्तरण गरेको छ । संघका अध्यक्ष जीवा लामिछानेको नेतृत्वमा संस्थापक अध्यक्ष उपेन्द्र महतो सहितको टोलीले २ असार (१७ जुलाई) मा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटी सो रकमको चेक हस्तान्तरण गर्नुभयो । संघको ज्यूरिचमा सम्पन्न छैठौं युरोप बैठकमा बाढीपीडितलाई ६० लाख रूपैयाँ सहयोग गर्ने निर्णय भएको थियो । सहयोग संकलनको क्रम जारी रहेकोले थप रकम अर्को चरणमा दिइने अध्यक्ष लामिछानेले बताउनुभयो ।



## कतारमा राजदूतको स्वागत

**साउदी** अरेवियाका लागि नेपाली राजदूत उदयराज पाण्डेको सम्मानमा एनआरएन कतारले स्वागत कार्यक्रमको आयोजना गरेको छ । कतारको तीन दिने निजी भ्रमणमा पुगेका राजदूत पाण्डेलाई गैरआवासीय नेपाली संघका आईसीसी पदाधिकारी एवं एनसीसी कार्यमिति र दूतावास कर्मारीहरूले स्वागत गर्नुभएको थियो ।

राजदूत पाण्डेको स्वागतमा गरिएको कार्यक्रममा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष अमृत गुरूङ, कतारका लागि नेपाली राजदूत डा. मायाकुमारी शर्मा, एनआरएन आईसीसी सचिव टीबी कार्कीले नेपालीहरूले भोगेका समस्या बारेमा मन्तव्य राख्नुभएको थियो ।



चिनारी जापान

तिलक मल्ल

# जापानमा नेपाली उद्यमशीलता

अहिले धेरै नेपालीले रोजगारीको लागि सपनाको देश मान्छन् जापान । तर अब यो देशमा नेपालीहरूको आगमनलाई अध्ययन र रोजगारीसँग मात्रै जोडेर पुग्दैन । नेपालीले रोजगारी पाउने मात्रै होइन, नेपालीले रोजगारी दिने देशको रूपमा पनि चिनिन थालेको छ जापान । जापानमा बस्नेहरू तल्लोस्तरको मात्र काम गर्छन् भन्ने धारणा पुरानो भइसकेको छ । जापान सरकारले गैरकानूनी रूपमा बसेका आप्रवासीलाई कडाइ गर्ने नीतिले यस्ता नेपालीहरूको संख्या निकै कम भइसकेको छ ।

चन्द्र शमशेरले सन् १९०३ मा जापानको आर्थिक विकासबाट प्रभावित भएर आठजना नेपाली युवालाई विभिन्न विधामा अध्ययन गर्न जापान पठाएका थिए । नेपालमा पाइने हलुवावेद, ठूलो कटुस र नीलहरूजस्ता फलफूलहरू यिनै विद्यार्थीले जापानबाट सिकेको सीपका परिणाम हुन् ।

सरकारी स्तरबाट व्यवस्थित ढंगले विद्यार्थी जापान पठाउने क्रम अहिले रोकिए पनि उच्च शिक्षा अध्ययनका लागि जापान आकर्षक गन्तव्य भएको निजी स्तरबाट यहाँ आउने विद्यार्थी र अनुसन्धानकर्ताको संख्या उल्लेखनीय छ । उच्च शिक्षा हासिल गर्नेहरू प्रायः प्राविधिक क्षेत्रसँग सम्बन्धित छन् । अनौपचारिक तथ्यांक अनुसार यीमध्ये अधिकांश अध्ययन सकेर नेपाल फर्किने गर्छन् । यहाँ रहेका नेपाली विद्यार्थी समाज, नेपाल इन्जिनियर एशोसिएशन, कम्प्युटर एशोसिएशन जस्ता प्राविधिक र प्राज्ञिक संस्थाले नियमित रूपमा सेमिनार गोष्ठी आयोजना गरेर जापानमा सिकेको सीपलाई मुलुक निर्माणमा कसरी हस्तान्तरण गर्न सकिन्छ भन्ने चिन्तन मनन गर्ने गर्छन् ।

अहिले जापान आउने नेपालीहरूको सबैभन्दा ठूलो हिस्सा रोजगारीमा संलग्न छ भने सन् २००० पछि लगानी गरेर आफैंले व्यवसाय गर्न सक्ने हैसियतमा पुगेका नेपालीको संख्या त्यसपछि ह्वात्तै बढ्दै गएको हो । अहिले जापानमा कमाएर यही व्यवसाय गर्ने नेपालीको संख्या सयौंको छ भने नेपालबाटै व्यवसाय गर्ने भनेरै जापान आउनेहरू पनि छन् ।

जापानको बारेमा लेख्दा भन्नै पर्ने एउटा क्षेत्र हो रेष्टुरेन्ट । किनभने जापान बस्ने कोही नेपालीलाई अर्को नेपालीले प्लेनमा वा कतै भेट्दा सोध्ने पहिलो प्रश्न 'जापानमा तपाईंको रेष्टुरेन्ट कतिवटा छन् ?' भन्ने हुन्छ । त्यसपछि मात्रै घर सोधिन्छ । यसले प्रष्ट गर्छ, जापानमा रहेर व्यवसायमा संलग्न भएको कोही व्यक्ति छ भने स्वतः ऊ रेष्टुरेन्टसँग संलग्न हुन्छ ।

एक अनौपचारिक तथ्यांक अनुसार जापानमा अहिले करिब २५ हजार नेपालीमध्ये करिब ८ हजार अर्थात् एकतिहाई रेष्टुरेन्ट क्षेत्रमा रहेको तथ्यांकले देखाउँछ । पछिल्लो एक सर्वेक्षण अनुसार जापानभरि करिब २ हजार रेष्टुरेन्टमध्ये १ हजार ४ सय जति नेपालीहरू आफ्नै रेष्टुरेन्टको मालिक भएका छन् ।

रेष्टुरेन्ट बाहेक जापानका नेपालीहरू ग्रसरी सप (हलाल फुड), रेष्टुरेन्ट तथा घरेलु दैनिक उपभोग्य सामानको डेलिभरी सर्भिस सम्बन्धी व्यवसाय, नेपालमा उत्पादित अल्कोहल तथा अन्य कृषिजन्य उत्पादनहरूको सप्लायर्स, रियल स्टेट, ट्राभल एजेन्सी, ह्याण्डी क्राफ्टका पसल, ज्वेलरी पसल, आयात निर्यात, ईन्टेरियर, होटल-रिसोर्ट, गेष्टहाउस, मिडिया, डिजाईन एण्ड प्रिन्टिङ, ड्राइभिङ स्कुल लगायतका व्यवसायमा संलग्न छन् । जापानमा बस्ने नेपालीले प्रत्यक्ष रूपमा देशलाई सहयोग गरेको प्रमाण हो, रेमिट्यान्स । एक तथ्यांक अनुसार नेपाल भित्रिने रेमिट्यान्समध्ये १० प्रतिशत जापानबाट मात्रै भित्रिन्छ । ५-७ वर्षको व्यावसायिक सफलताकै परिणाम जापानका नेपालीले स्वदेशमा जलविद्युत्, बैंकिङ, पशुपालन, फाष्ट ट्र्याक, होटल, कृषि लगायतका क्षेत्रमा करोडौं रूपैयाँको लगानी गरेका छन् । हाँडीखोला जलविद्युत्का प्रमुख लगानीकर्ताहरू जापानवासी नेपाली हुन् । यीबाहेक व्यक्तिगत रूपमा सफल भएर उच्चतहमा पुगेका नेपालीहरूको फेहरिस्त पनि लामो छ । प्राध्यापक, डाक्टर, वैज्ञानिक, इन्जिनियर, टेलिभिजन, सञ्चारकर्मी प्रायः सबै पेशामा नेपालीहरू पुगेका छन् । एनआरएनले अगाडि सारेको सामूहिक लगानीको अभियानलाई अत्यन्तै सकारात्मक ठान्दै यहाँ बस्ने अधिकांश नेपालीहरूले लगानीको लागि सक्रियता देखाउनु पनि व्यवसायको सफलताको गतिलो उदाहरण हो ।

संगठित भएर बस्ने जापानका नेपालीहरूको पुरानै चलन हो, जसअनुसार यहाँ करिब ४ दर्जनजति नेपाली संघसंस्था छन् । आफू जन्मिएको गाउँ, जिल्ला, अञ्चल र क्षेत्रका आधारमा संगठित भएर नेपालीहरूले त्यस क्षेत्रमा खानेपानी, कुलो, बाटोघाटो, पुल, अस्पताल, स्कुल, विजुली जस्ता पूर्वाधार निर्माणमा उल्लेख्य सहयोग गर्दै आएका छन् । वैचारिक आस्था र पेशाका आधारमा पनि यहाँका नेपाली संगठित भएका छन् ।

कला र संस्कृतिको कुरा गर्दा, आ-आफ्नो संस्कृतिलाई जीवन्त राख्न सक्रिय छन् विभिन्न संघ संस्थाहरू । तराईको थारू नाचदेखि हिमालको भोटे सेलोसम्म वार्षिक रूपमा प्रदर्शन गर्दै आएको छ, माया नेपाली संगीत संस्थाले । जापानीहरूलाई नेपालको परिचय दिने उद्देश्यले नेपाली संघसंस्थाहरू मिलेर वर्सेनि 'नेपाल फेस्टिवल' आयोजना हुँदै आएको छ ।

बालबच्चाले नेपाली संस्कार नबिर्सिउन् भनेर नेपाली भाषा र संस्कृति सहितको पठनपाठन गराउन गत अप्रिलदेखि टोकियोमा एभरेष्ट इन्टरनेशनल स्कुल स्थापना गरिएको छ । यो स्कुल स्थापनालाई जापानका नेपालीले यो दशकै उपलब्धिको रूपमा लिएका छन् ।

बालबच्चाहरूले नेपाली संस्कार नबिर्सिउन् भनेर नेपाली भाषा र संस्कृति सहितको पठनपाठन गराउन गत अप्रिलदेखि टोकियोमा एभरेष्ट इन्टरनेशनल स्कुल स्थापना गरिएको छ । यो स्कुल स्थापनालाई जापानका नेपालीले यो दशककै उपलब्धिको रूपमा लिएका छन् ।

यसैगरी नेपाली सञ्चारमाध्यमको विकास गर्न पनि पछि परेका छैनन् जापानका नेपालीहरू । सन् १९९९ देखि ग्लोबल नेपाली मिडिया सोसाइटीको 'नेपाल समाचार' नामक साप्ताहिक पत्रिकाबाट शुरू भएको छापा पत्रिकाको इतिहासले हालसम्म निरन्तरता पाइरहेको छ । यसबाहेक विभिन्न संघसंस्थाका विभिन्न समयमा अर्धवार्षिक तथा वार्षिक मुखपत्रहरू प्रकाशन हुने गरेको भए पनि ती सबै नियमित प्रकाशित हुन सकेका छैनन् ।

यसैगरी 'नेपाल जापान डट कम, समुद्रपारि डट कम, वी लभ नेपाल डट कम, टोकियोनेपाल डट कम, नेपाल सन्देश डट कम जस्ता न्युज अनलाइनहरूले जापानलाई आधार क्षेत्र मानेर सञ्चालन भइरहेका समाचारप्रधान अनलाइन पोर्टलहरू हुन् ।

*(समुद्रपारि डट कमका प्रधानसम्पादक समेत रहेका लेखक मल्ल नेपाल पत्रकार महासंघ जापान शाखाका अध्यक्ष हुन्)*

## गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पछिल्ला गतिविधि

**मार्च २४:** संघका अध्यक्षको चुनावी मन्त्रिपरिषद्का अध्यक्ष सम्माननीय खिलराज रेग्मीसँग भेट । मुख्यतयाः गैरआवासीय नेपालीका समसामयिक विषयहरूमा छलफल ।

**मार्च २९:** संघको सहकार्यमा मध्यपूर्वमा रहेका महिला वैदेशिक रोजगार सम्बन्धी सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन कार्यक्रम युएन वोमन तथा निड्सको आयोजनामा सम्पन्न ।

**अप्रिल ८:** भक्तपुर उद्योग वाणिज्य संघले एनसीसी रसियाको सहयोगमा सञ्चालन गरिएको काष्ठकलाका प्रशिक्षार्थी समापन कार्यक्रममा संघका पदाधिकारीहरूको सहभागिता ।

**अप्रिल १०:** नेउवा महासंघको ४७ औं साधारणसभामा संघका पदाधिकारीहरूको सहभागिता ।

**अप्रिल १४:** संघका अध्यक्षको उपस्थितिमा ६५ औं राष्ट्रिय समन्वय परिषद् चेक रिपब्लिकको गठन ।

**अप्रिल २७:** अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको ११ औं बैठक सम्पन्न । मुख्यतया छैठौं एनआरएन विश्व सम्मेलन तथा अन्य सरोकारका विषयहरूमा छलफल ।

**मे २:** संघका अध्यक्षको नेतृत्वमा परराष्ट्र मन्त्रीसँग भेटघाट । गैरआवासीय नेपाली विश्व सम्मेलन, एशिया प्रशान्त र युरोपेली क्षेत्रीय बैठक, बुद्धको प्रतिमा प्रतिस्थापना, खुला विश्वविद्यालय, कागजात प्रमाणीकरण, महावाणिज्य दूतावास स्थापना, गैरआवासीय नेपाली ऐनको प्रावधान तथा कार्यान्वयनमा देखा परेका समस्या साथै अन्य सरोकारका विषयहरूमा छलफल ।

**मे ४:** नेपाल उच्च माध्यमिक विद्यालय रत्ननगर चितवनमा विद्यालय सूचना प्रविधिको प्रयोग कार्यक्रमको उद्घाटन । कार्यक्रममा संघका अध्यक्षको सहभागिता ।

**मे ९:** संघका अध्यक्षको अर्थमन्त्रीसँग भेटघाट । मुख्यतया सिआइपी, एनआरएनहरूको लगानीका साथै गैरआवासीय नेपालीका आर्थिक सरोकारका विषयमा छलफल ।

**मे १२:** संघका अध्यक्ष र शिक्षा मन्त्रीबीच भेटघाट । मुख्यतया खुला विश्व विद्यालयको बोर्ड सहकार्य साथै अन्य शिक्षा सम्बन्धी विषयमा छलफल ।

**मे १३:** संघका अध्यक्षले एनसीसी नाइजेरियाद्वारा परोपकारी परियोजना अन्तर्गत उपलब्ध गराएको रकम पुस्तक प्रकाशनमा सहयोग गरेवापत सञ्चारकर्मी तथा मानवअधिकारकर्मी कृष्ण कँडेललाई हस्तान्तरण ।

**मे १४ देखि १७ सम्म:** संघका अध्यक्षको म्यानमार भ्रमण तथा त्यहाँस्थित गैरआवासीय नेपालीहरूका समसामयिक विषयहरूमा अन्तर्क्रिया ।

**मे १८:** फिलिपिन्सको मनिला शहरमा तेस्रो एशिया प्रशान्त बैठक ६ बुँदे घोषणापत्र जारी गरी सम्पन्न । विभिन्न मुलुकका करिब एशिया प्रशान्त क्षेत्रका ९ देश र अन्य मुलुकहरूबाट १२५ जना गैरआवासीय नेपालीहरूको सहभागिता ।

**जुन ४, ८:** संघका उपाध्यक्ष एवं संघ दर्ता कार्यदलका सभापति रामेश्वर शाहले संघ दर्ता प्रक्रियाबारे कानूनविद्हरू सुभाष नेम्वाङ, राधेश्याम अधिकारी, अग्नी खरेल लगायतसँग छलफल ।

**जुन ५:** हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा करिब २ फिट अग्लो र बुद्ध नेपालमा जन्मेको विवरणका साथै बुद्धको सन्देश कुँदिएको प्लेट नेपाली दूतावास बेल्जियम पठाउने कार्य सम्पन्न ।अन्तर्राष्ट्रिय समन्वय परिषद्को ३६ औं बैठक सम्पन्न ।

**जुन २४:** नेदरल्याण्डको हेगस्थित अन्तर्राष्ट्रिय कार्यालयको परिसरमा भगवान् बुद्धको प्रतिमा एक कार्यक्रमबीच प्रतिस्थापना गर्ने कार्य सम्पन्न ।

**जुन २८:** परराष्ट्र मन्त्रालयमा परराष्ट्र मन्त्रीको अध्यक्षतामा आयोजना भएको उच्चस्तरीय आर्थिक कूटनीति सञ्चालन तथा अनुगमन समितिको बैठकमा संघका सल्लाहकार कुलचन्द्र गौतम र कार्यकारी निर्देशकको सहभागिता ।

छैठौं एनआरएन विश्व सम्मेलन भन्दा पहिले राष्ट्रिय समन्वय परिषद्को महाधिवेशन हुने व्यवस्था अनुसार अहिले विभिन्न देशमा राष्ट्रिय महाधिवेशन सम्पन्न भएका छन् । त्यसै सम्मेलनसँग सम्बन्धित तस्वीरहरू


स्पेन



नाइजेरिया



साउदी अरेबिया



बेल्जियम


चीन


क्यानडा



साइप्रस



मकाउ


फिनल्याण्ड


अष्ट्रेलिया


अमेरिका



हङकङ

**प्रधान सम्पादकः** डा. हेम राज शर्मा, गैरआवासीय नेपाली संघ, सचिवालय, टेकु, काठमाडौं, **फोन नं.** ९७७-०१-४२१५२४७, ४२६२२५५,
**इमेलः** nrn@nrn .org .np, contact@nrn .org .np, **वेबसाइटः** www .nrn .org .np

**सामग्री संयोजनः** आउटलाइन मिडिया, काठमाडौं, नेपाल,
www.outline .com.np, E-mail: info@outline.com.np, Tel: 01- 4102103, www.onsnews.com

*गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा प्रकाशित यस न्यूजलेटरमा प्रकाशित सामग्री, लेख तथा अन्तर्वार्ता साभार गरी पुनः प्रकाशन गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।*